# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/८१




नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

# वार्षिक प्रतिवेदन, आ.व. २०८०/८१

**प्रकाशक**
सूचना तथा प्रसारण विभाग

**आवरण/तस्बिर व्यवस्थापन**
प्रवीण श्रेष्ठ

**लेआउट डिजाइन**
खगेन्द्र कार्की

**सर्वाधिकार**
नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग

**राय, सुझाव र सल्लाहका लागि**
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन : ५९१६५०४, ५९१९८८६, ५९१९८८९, ५९१९८९०, ५९१९८९२, ५९१९८९३, ५९१९८९४
E-mail : photosuchana@gmail.com
Website : www.doib.gov.np

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

फोन: ५९१६५०४
५९१९८८६
५९१९८८९
५९१९८९०
५९१९८९२



## भनाइ

सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन), २०६४ को दफा ४१ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ अनुरुप प्रत्येक निकायले वार्षिक रुपमा आफनो प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाबमोजिम यी दुवै ऐनले निर्दिष्ट गरेका विषयवस्तुलाई समावेश गरी सूचना तथा प्रसारण विभागले आ.व. २०८०/८१ को प्रगति विवरण प्रकाशनमा ल्याएको छ।

प्रस्तुत प्रतिवेदनमा विभागको परिचय, कार्यविवरण तथा कार्यप्रणाली समावेश गरी सेवाग्राहीलाई सान्दर्भिक सामाग्री समेटिएको छ। यसै गरी यस प्रतिवेदनमा समेटिएका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा परिपत्रले सेवाग्राहीलाई थप सहयोग पुग्ने छ। सेवा प्रवाहका अतिरिक्त विभागले वार्षिक रुपमा विभिन्न कार्यक्रम पनि सञ्चालन गर्ने गरेको छ। यस्ता कार्यक्रमका उपलब्धिले कार्यक्रमको औचित्य स्थापित गर्ने र कमी कमजोरीले सुधारको मार्गदर्शन गर्ने हुन्छ। यस प्रकाशनमा सेवा प्रवाहसँग सम्बन्धित विभिन्न तथ्यांकले अध्ययनकर्तालाई नितिगत विश्लेषणमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।प्रतिवेदनमा संकलित शाखागत कार्यहरु तथा वार्षिक प्रगति तथा अनुसूचीमा समावेश नागरिक वडापत्र, अधिकार प्रत्यायोजनका विवरण तथा तथ्यांकहरू सरोकारवालाहरुको लागि सान्दर्भिक सामाग्री बन्ने छ।

समग्रमा सूचनाको हकबमोजिम नागरिकले पाउनुपर्ने सूचना तथा प्रसारण ऐनले निर्दिष्ट गरेको सुशासन प्रवर्द्धनको दिशामा यस प्रकाशनले सहयोग पुऱ्याउने छ। यस वार्षिक प्रतिवेदनका सम्बन्धमा पाठक वर्ग तथा सरोकारवालाबाट पृष्ठपोषण एवं सुझाब प्राप्त हुने अपेक्षा राख्दै प्राप्त सुझाब समेतको आधारमा विभागको सेवामा निरन्तर सुधार गर्ने र प्रकाशनहरुलाई परिष्कृत गर्दै लैजानेतर्फ विभाग प्रतिवद्ध रहेको छ।

वलराम रिज्याल
महानिर्देशक
सूचना तथा प्रसारण विभाग
मिति २०८१/०५/१०

# विषय–सूची


| शीर्षक | पृष्ठ |
|---|---|

परिच्छेद–१

१. विभागको स्वरुप र प्रकृति १

१.१ ऐतिहासिक पृष्ठभूमि १

१.१.१ उद्देश्य ३

१.१.२ कार्य ३

१.१.३ क्षेत्राधिकार ५

१.२ संगठन संरचना ६

१.२.१ सूचना तथा प्रसारण विभागको संगठन संरचना ६

१.२.२ कर्मचारी दरबन्दी विवरण ६

१.३ विभागमा कार्यरत कर्मचारी विवरण ७

१.४ शाखा तथा कार्यविवरण ९

१.४.१ प्रशासन तथा प्रेस शाखा ९

१.४.२ प्रकाशन तथा फोटोग्राफी शाखा ११

१.४.३. प्रसारण शाखा १२

१.४.४ आर्थिक प्रशासन शाखा १३

१.४.५. प्रवक्ता १४

१.४.७. सूचना अधिकारी १४

१.४.७. गुनासो सुन्ने अधिकारी १४

१.५ प्रदेश मुकाम भएका हुलाक निर्देशनालय र हुलाक कार्यालयहरु १५

१.६ विभागको कार्यसम्पादनसँग सम्बद्ध ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूः १५

परिच्छेद-२

२. विभागका काम, कर्तव्य र अधिकार १७

२.१ सूचना व्यवस्थापनसम्बन्धी कार्य १७

२.२ पत्रपत्रिका दर्तासम्बन्धी कार्य १७

| | | | |
|---|---|---|---|
| | २.३ | पत्रपत्रिकाको अभिलेखसम्बन्धी कार्य | १८ |
| | २.४ | प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्रसम्बन्धी कार्य | १८ |
| | २.५ | प्रेस रजिष्ट्रारको कार्य | १८ |
| | २.६ | श्रमजीवी पत्रकार ऐन, २०५१ कार्यान्वयन र अनुगमनसम्बन्धी कार्य | १९ |
| | २.७ | श्रमजीवी पत्रकारका उजुरी र सोको व्यवस्थापनसम्बन्धी कार्य | २० |
| | २.८ | फोटो पत्रकारिता र व्यवस्थापनसम्बन्धी कार्य | २१ |
| | २.९ | प्रकाशन तथा वितरण व्यवस्थापनसम्बन्धी कार्य | २१ |
| | २.१० | पत्रकार क्षमता विकाससम्बन्धी कार्य | २५ |
| | २.११ | पत्रकार अभिलेखसम्बन्धी कार्य | २६ |

**परिच्छेद–३**

| | | | |
|---|---|---|---|
| ३. | विभागबाट दिइने सेवासम्बन्धी कार्यविधि | | २९ |
| | ३.१ | प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि वाञ्छनीय योग्यता | २९ |
| | | ३.१.१ स्वतन्त्र पत्रकारको प्रमाणपत्र | २९ |
| | | ३.१.२ सम्पादकको प्रमाणपत्र | २९ |
| | | ३.१.३ प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र | २९ |
| | ३.२ | प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्रसम्बन्धी व्यवस्था | ३० |
| | ३.३ | प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी विशेष व्यवस्था | ३३ |
| | ३.४ | सञ्चारगृहका अध्यक्ष, पत्रिकाका प्रकाशक एवं व्यवस्थापकको परिचयपत्र जारी गर्नेसम्बन्धी व्यवस्था | ३४ |
| | ३.५ | अनलाइन दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाहरू | ३५ |

**परिच्छेद–४**

| | | | |
|---|---|---|---|
| ४. | वार्षिक कार्यक्रम तथा प्रगति विवरण | | ३७ |
| | ४.१ | वार्षिक विनियोजन खर्च | ३७ |
| | ४.२ | मुख्य-मुख्य भौतिक प्रगति/उपलब्धि | ३७ |
| | ४.३ | विभागबाट सम्पन्न अन्य कार्यसम्पादनका विवरणहरू | ३८ |
| | ४.४ | विभागबाट गरिएको आ.व. २०८०/८१ सम्मको | |

विभागको बेरुजु फछ्र्यौट विवरण ३९
४.५ आ.व. २०८०/८१ मा विभागको राजश्व सङ्कलन विवरण ४९
४.६ CAS/SMS प्रणालीको स्थापना एवं सञ्चालन ४०
४.७ श्रमजीवी पत्रकार परिचयपत्र र अनलाइन सञ्चारमाध्यम दर्ता सम्बन्धी अनलाइन प्रणालीको स्थापना र सञ्चालन ४०
४.८ वार्षिक कार्यक्रम कार्यान्वयनका सकारात्मक प्रभाव एवं उपलब्धि ४०
४.९ सुशासन कायम गर्न गरिएका सुधारका कार्यक्रम ४१


**परिच्छेद–५**


५. समस्या तथा समधानका लागि गरिएका प्रयास ४३
५.१ सूचना, पत्रकार एवं पत्रिका व्यवस्थापन सम्बन्धमा ४३
५.१.१ सूचना व्यवस्थापनसम्बन्धी ४३
५.१.२ पत्रिका अभिलेखीकरणसम्बन्धी ४३
५.१.३ प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी ४४
५.१.४ अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणसम्बन्धी ४५
५.१.५ प्रकाशन तथा फोटो व्यवस्थापनसम्बन्धी ४६
५.१.६ प्रसारण व्यवस्थापनसम्बन्धी ४६
५.१.७ विभागसँग सम्बन्धित ऐन/नियमहरू ४७
५.१.८ पत्रकार तालिमसम्बन्धी ४७
५.१.९ जनशक्ति व्यवस्थापनसम्बन्धी ४७
५.२ समस्या समाधानका उपायहरू ४८
५.२.१ सूचना व्यवस्थापनसम्बन्धी ४८
५.२.२ पत्रिका अभिलेखीकरणसम्बन्धी ४८
५.२.३ प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी ४८
५.२.४ अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणसम्बन्धी ४८
५.२.५ फोटो व्यवस्थापनसम्बन्धी ४९
५.२.६ प्रसारण व्यवस्थापनसम्बन्धी ४९
५.२.७ नीति एवं ऐन नियममा समसामयिक संशोधन ५०

| | | |
|---|---|---|
| ५.२.८ पत्रकार तालिमसम्बन्धी | | ५१ |
| | ५.२.९ श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनसम्बन्धी | ५२ |
| | ५.२.१० भावी योजना र कार्यक्रम | ५२ |
| | ५.२.११ चुनौतीहरु | ५३ |
| ५.३ | कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरु | ५३ |
| ५.४ | उपसंहार | ५४ |

अनुसूची-१ ५७

अनुसूची-२ ६६

अनुसूची-३ ६७

अनुसूची-४ ७२

अनुसूची-५ ८०

अनुसूची-६ ८१

अनुसूची-७ ८३

अनुसूची-८ ८४

सूचना तथा प्रसारण विभागबाट आ.व. २०८०/८१ मा छायाङ्कन गरिएका विभिन्न कार्यक्रमका केही तस्बिर तथा विभागका गतिविधिहरू ८९

# परिच्छेद–१

## १. विभागको स्वरुप र प्रकृति

### १.१ ऐतिहासिक पृष्ठभूमि

वि.सं. २००५ मा तत्कालीन प्रधानमन्त्री मोहनशमशेरका पालामा प्रचार विभागको नामबाट यस विभागको स्थापना भएको हो। त्यस बखत देशमा भएका विकासात्मक गतिविधि र समसामयिक घटनासम्बन्धी विवरण बडाहाकिममार्फत प्राप्त गरी प्रचार विभागका डाइरेक्टरले जाँच गरी प्रकाशन गर्न पठाइन्थ्यो। पत्रिकामा प्रचार विभागबाट जाँच भएर मात्र लेखरचना प्रकाशन हुन्थे। नेपालसम्बन्धी र नेपालमा छापिएका पुस्तकहरु प्रचार विभागले जाँच्ने र आपत्तिजनक भए जफत गरिने तथा आपत्तिजनक नभए बजारमा विक्रीका लागि पठाउने गरिन्थ्यो। प्रजातन्त्रको स्थापना भएपछि विभागलाई गृह मन्त्रालय अन्तर्गत राखिएको थियो।

२००८ सालमा नेपाल छापाखाना र प्रकाशनसम्बन्धी ऐन एवं छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन प्रकाशन भई लागु भए। वि.सं. २०१५ मा प्रेस कमिशनको सुझावअनुरुप पत्रपत्रिकाका प्रेस प्रतिनिधिहरुलाई प्रचार-प्रसार विभागबाट प्रमाणपत्र वितरण गरिन्थ्यो। वि.सं. २०१६ देखि पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रदान गर्ने कार्य प्रारम्भ  भयो।

विभागले नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्विक सम्पदा, कला, संस्कृति, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्षसम्बन्धी सूचनाहरु नेपाल राज्यभित्र प्रचार-प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउनेजस्ता उद्देश्य लिई विभिन्न सूचनामूलक तथा ज्ञानवर्द्धक पुस्तक/पुस्तिका क्यालेण्डर प्रकाशन गर्ने, खरीद गर्ने, समाचारचित्र, वृत्तचित्र र कथानक चलचित्र बनाउने एवं प्रदर्शन गर्ने र त्यस्ता खालका लेख-रचनाहरु नेपाल पत्रिकामार्फत प्रकाशन गर्ने जस्ता कामहरु सम्पादन गर्न थाल्यो।

समय-समयमा भएको राजनीतिक परिवर्तनपछि परिवर्तनको औचित्य र आवश्यकताका सम्बन्धमा देश-विदेशमा प्रचार गराउन पनि तत्कालीन सरकारले विभागलाई सक्रिय बनाएको थियो। भाषण, सन्देश र घोषणाको साथसाथै तत्कालीन व्यवस्थाको प्रचारप्रसार गर्न मद्दत पुग्ने खालका विभिन्न प्रकारका पुस्तक-पुस्तिका, पोस्टर, फोल्डर, तस्विर, सिनेमा, वृत्तचित्र, होर्डिङ बोर्ड आदि प्रशस्त मात्रामा तयार गरी वितरण गर्ने कामहरु पनि विभागबाट भएको पाइन्छ। राष्ट्रिय एकताको भावना जगाउने एवं जनतालाई राष्ट्रिय विकास कार्यमा संलग्न रहन चेतना प्रदान गर्ने ढंगबाट तयार गरिएका सामग्रीहरु पनि विभागबाट निर्माण, प्रकाशन र वितरण भएको पाइन्छ।

२०१८ सालमा अमेरिकी सरकारको सहयोगमा 'ब्लक' मेशिन जडान गरी त्यस बेलादेखि देशका शीर्षस्थ व्यक्तिहरुका तस्बिरहरु र विकास निर्माणका झलक देखाउने तस्बिरहरुको ब्लक बनाई प्रकाशन गर्न विभिन्न पत्रपत्रिकामा आवश्यक मात्रामा निःशुल्क वितरण गर्ने कार्यको थालनी गरियो। यसका साथै विभिन्न विद्वान् लेखकहरुबाट लिखित/अनूदित नेपालको भौगोलिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक, कला, ज्ञानविज्ञान आदि विभिन्न विषयमा उपयोगी र ज्ञानवर्द्धक पुस्तक-पुस्तिकाहरु पनि यस विभागबाट प्रकाशन गरी सर्वसाधारणलाई निःशुल्क वितरण भएको पाइन्छ। यसैगरी, 'आमा', 'हिजो आज

र भोलि' तथा 'परिवर्तन' जस्ता नेपाली कथानक चलचित्रहरु पनि यस विभागबाट निर्माण र प्रदर्शन भएका थिए। साथै वृत्तचित्रको निर्माण पनि सूचना विभागले गरेको देखिन्छ। नेपाली कथानक चलचित्र एवं वृत्तचित्रको विकासको इतिहासमा सूचना विभागको योगदानलाई कोशेढुङ्गाको रुपमा लिन सकिन्छ।

फोटोग्राफीतर्फ आफ्नै ल्याब स्थापना गरी राष्ट्रिय महत्वका समारोह आदिको फोटो तत्कालै तयार पारी सम्बन्धित ठाउँमा माग अनुसार विभागले निःशुल्क वितरण गर्दै आएको छ। विदेशी राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरुको नेपाल भ्रमणको अवसरमा खिचेका सम्पूर्ण तस्बीरहरु क्याप्सन सहित एल्बममा राखी सम्बन्धित अतिथिको देशमा पठाउने गरिन्थ्यो। २०२१ सालमा फ्रांन्सको ए एफ पी सँग सम्झौता गरी विश्वघटनाको खबर स्वचालित टेलिप्रिन्टबाट तुरुन्तै निकाली त्यसको प्रतिलिपि विभिन्न पत्रपत्रिकामा पठाउने कार्य गरिएको थियो।

विभागको नाम, काम र स्थान फेरबदल भइरहेको पाइन्छ। प्रचार विभाग, प्रचार-प्रसार विभाग, प्रेस सूचना विभाग, सूचना विभाग र सूचना तथा प्रसारण विभाग गरी यस विभागको नाम बेला बेलामा परिवर्तन हुँदै कामको जिम्मेवारीमा पनि थपघट भइरहेको देखिन्छ। वि.सं. २०५८ असोज २६ गतेदेखि यो विभाग काठमाडौं महानगरपालिका-८ तिलगंगास्थित सञ्चारग्राममा आफ्नै भवनमा स्थायी रुपमा रहेको छ।

नेपाल सरकारको आधिकारिक फोटोग्राफरको हैसियतले यस विभागले फोटोग्राफीसम्बन्धी कार्य गर्दै आइरहेको छ। नेपालका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको विदेश भ्रमण एवं समय समयमा नेपाल भ्रमणमा आउने मित्र राष्ट्रहरूका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको तर्फबाट सम्बोधन गरिने पत्रकार सम्मेलनहरूको आयोजना गर्न सूचना तथा प्रसारण विभागले पत्रकार समन्वयमार्फत् सहयोग गर्दै आएको छ भने सरकारको औपचारिक फोटोग्राफरको हैसियतले उक्त अवसरमा आयोजना हुने सरकारी समारोहहरूका तस्बिर खिची पत्रपत्रिकाहरूलाई निःशुल्क प्रकाशनार्थ उपलब्ध गराउने र ती तस्बिरका अभिलेख राख्ने काम पनि यस विभागले गर्दै आइरहेको छ। यसैगरी राष्ट्रिय पुरस्कार, सञ्चार मन्त्रालयबाट हुने नेपाल सरकारको निर्णय सार्वजनिक गर्ने कार्यक्रमको समेत फोटो संकलन गर्ने गरिएको छ। राष्ट्र प्रमुखबाट प्रदान गरिने विभूषण तथा विद्याभूषण वितरण समारोह जस्ता कार्यक्रममा सरकारको अधिकारिक फोटोपत्रकारको रूपमा फाटोग्राफी गर्ने र सो कार्यक्रमको फोटो सम्बन्धित सरोकारवालाहरूलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था समेत यस विभागले गर्दै आएको छ।

पत्रपत्रिकाको प्रकाशनसम्बन्धी काम-कारबाहीहरूलाई व्यवस्थित बनाउने उद्देश्यले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ र छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ को व्यवस्था भएकोमा यी ऐन तथा नियमको कार्यान्वयनका क्रममा सरकारी सूचना सङ्कलन तथा वितरण गर्ने, पत्रकार एवं पत्रपत्रिकाको अभिलेख राख्ने, प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने र पत्रकारको क्षमता विकाससम्बन्धी विभिन्न प्रकारका तालिम कार्यक्रम गर्ने, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ कार्यान्वयन गर्ने गराउने कार्य गर्नुका साथै प्रेस रजिष्ट्रारको जिम्मेवारी पूरा गर्ने जस्ता कार्यहरू यस विभागले गर्दै आएको छ। साथै, प्रेस काउन्सिलबाट वर्गीकरण भएका पत्रपत्रिकाहरूलाई नेपाल सरकारको निर्णयबमोजिम लोककल्याणकारी विज्ञापन र विज्ञापन प्रकाशन गरे बापतको रकम यसै विभागले उपलब्ध गराउँदै आएको थियो भने हाल लोककल्याणकारी विज्ञापन सम्बन्धी काम विज्ञापन वोर्डबाट सम्पादन हुँदै आएको छ र हाल नेपालभरि प्रकाशन भएका सम्पूर्ण पत्रपत्रिकाहरू र विभागबाट पत्रकार परिचयपत्र लिएका पत्रकारहरूको विवरण कम्प्यूटराइज्ड गर्ने कार्य पनि भइरहेको छ।

नेपाल सरकारले यस विभागलाई सरकारी सूचना र पत्रकार एवं पत्रपत्रिकाको व्यवस्थापनको समेत जिम्मेवारी दिएको छ। नेपाल लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भइसकेको र हाल भैरहेको सूचना प्रविधिको अभूतपूर्व परिवर्तनले सूचना तथा पत्रकारिताको क्षेत्रमा आमूल परिवर्तनको माग गरेको परिप्रेक्ष्यमा विभागको सूचनासम्बन्धी कार्यक्षेत्र सूचना सङ्कलन, प्रशोधन, वितरण तथा पत्रकार एवं पत्रकारिताको विकास र व्यवस्थापनमा पनि नीतिगत, संस्थागत एवं प्रक्रियागत सुधारको आवश्यकता टड्कारो देखिएको छ। यस सन्दर्भमा यस विभाग गणतन्त्रको संस्थागत एवं सुदृढीकरण गर्दै जनताको सूचनाको हकलाई वास्तविक रूपमा नै चरितार्थ गर्न तथा पत्रकारिताको विकास गर्न एवं जनचेतनाको सूचना प्रवाह गर्नमा नै केन्द्रित रहँदै आएको छ।

स्थापनाकालदेखि हालसम्म जनरल विजय शमशेर, साहित्यकार बालकृष्ण सम, भवानी भिक्षु, वासुदेव शर्मा, बालचन्द्र शर्मा, सुरेन्द्रराज शर्मा, नारायणप्रसाद बाँस्कोटा, महेन्द्रनाथ खनाल, रेखबहादुर भट्टराई, नगेन्द्र शर्मा, भोग्यप्रसाद शाह, धनुषचन्द्र गौतम, कालीप्रसाद रिजाल, युगनाथ शर्मा, परशुराम प्रधान, लक्ष्मीप्रसाद शर्मा दाहाल, शैलेन्द्रराज शर्मा, महेन्द्रराज पाण्डे, दीप बस्नेत, मुकुन्दप्रसाद आचार्य, युवराज पाण्डे, धरणीधर खतिवडा, शान्तराज सुवेदी, नारायण गोपाल मलेगो, श्रीधर गौतम, लक्ष्मीविलास कोइराला, रघुराम विष्ट, वीर बहादुर राई, बालकृष्ण घिमिरे, कृष्णमुरारी न्यौपाने, लेखनाथ शर्मा, किरणराज शर्मा र शंकर नेपाल यस विभागको प्रमुख भइसक्नु भएको छ भने हाल श्री वलराम रिज्याल विभागका प्रमुख(महानिर्देशक) हुनुहुन्छ।

### १.१.१ **उद्देश्य**

सूचना तथा प्रसारण विभागको उद्देश्य देहायबमोजिम रहेको छ :–

(१) नेपाल सरकारका काम कारबाहीसम्बन्धी अनुसन्धान एवं नीतिसम्बन्धी सूचना सर्वसाधारण जनता एवं स्वदेश तथा विदेशमा प्रवाहित गर्ने।

(२) देशमा स्वस्थ, मर्यादित, व्यावसायिक एवं संस्थागत पत्रकारिताको विकासका लागि उत्प्रेरित गर्ने।

(३) पत्रकारिता क्षेत्रमा समर्पित श्रमजीवी पत्रकारहरूको हक, हित र सुरक्षाको प्रत्याभूति गर्ने।

(४) रेडियो तथा टेलिभिजन प्रसारणलाई नियमित, व्यवस्थित र मर्यादित बनाउने तथा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने कार्यको नियमन गर्ने।

### १.१.२ **कार्य**

नेपाल सरकार र पत्रकारजगत बीच सम्पर्कसूत्रको रूपमा रहेर काम गर्ने समेतको जिम्मेवारी पूरा गर्ने क्रममा हाल सूचना तथा प्रसारण विभागले देहायका कार्यहरू गर्दै आएको छ :-

(१) नेपालसम्बन्धी विविध सूचनामूलक पुस्तक, नेपाल परिचय, "नेपाल" द्वैमासिक पत्रिका, क्यालेण्डर तथा डायरी, नेपालः विविधतामा एकता (Nepal: Unity in Diversity) लगायतका सामग्रीहरू प्रकाशन एवं वितरण गर्ने।

(२) सूचना तथा प्रसारण विभागलाई समष्टिगत सूचनाको हबको रूपमा विकास गरी सूचना सङ्कलन एवं वितरण गर्ने।

(३) स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र

प्रदान गर्ने र नवीकरण गर्ने । सञ्चार प्रतिष्ठानका अध्यक्ष, प्रकाशक, व्यवस्थापक र प्रबन्ध निर्देशकको रूपमा काम गर्ने व्यक्तिका लागि पदको हैसियत परिचयपत्र प्रदान गर्ने ।

(४) अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने ।

(५) नेपालमा दर्ता भई प्रकाशन हुने सबै पत्रपत्रिकाहरूको विवरण अध्यावधिक गर्ने ।

(६) सरकारबाट पत्रपत्रिकालाई भन्सार, कर र अन्य महसूल सुविधा वा छूट उपलब्ध गराउनुपर्ने भएमा प्रचलित कानुनअनुसार सिफारिस गर्ने ।

(७) कार्यविधि तथा निर्देशिकामा व्यवस्था भएबमोजिम पत्रकार कल्याण एवं पत्रकार सुरक्षा कार्यक्रमहरू (जस्तैः पत्रकार दुर्घटना बीमा कार्यक्रम) को व्यवस्था गरी पत्रकारहरूको जीवन सुरक्षा गर्ने ।

(८) विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवी पत्रकारहरूलाई परेका पीरमर्का, गुनासा, उजुरी तथा सुविधा आदि विषयमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन/नियम/कार्यविधि अनुरूप कार्यान्वयन गर्ने ।

(९) सूचना प्रवाह र पत्रकारितासँग सम्बन्धित विषयमा पत्रकार भेटघाट, पत्रकार सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, छलफल आदि कार्यक्रम आयोजना गर्ने ।

(१०) राज्य एवं सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिको विदेश प्रस्थान तथा आगमनको अवसरमा पत्रकारहरूलाई व्यवस्थित गर्ने एवं सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने ।

(११) पत्रकारहरूका लागि स्थानीयस्तरमा पुगी परिचयपत्र प्रदान गर्न घुम्तीशिविर कार्यक्रम सञ्चालन गर्ने ।

(१२) विदेशी राष्ट्राध्यक्ष, सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरूको नेपाल भ्रमणको अवसरमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलन एवं महत्वपूर्ण अवसरहरूमा आवश्यकताअनुसार ' मिडिया सेन्टर' को व्यवस्था गर्ने ।

(१३) विदेशी पत्रकारहरूको टोली नेपाल भ्रमणमा आउँदा तोकिएअनुसार स्वागत कार्यक्रमको आयोजना गर्ने ।

(१४) नेपाल सरकारको औपचारिक फोटोग्राफरको रूपमा कार्य गर्ने र फोटोग्राफीको अध्यावधिक अभिलेख राख्ने । विशेष पर्व र समयमा फोटो प्रदर्शनीको आयोजना गर्ने र माग भएका फोटोहरू वितरण गर्ने ।

(१५) पत्रकार दुर्घटना बीमा तथा स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(१६) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने ।

(१७) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने ।

(१८) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने ।

(१९) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने ।

(२०) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजत पत्र र अनुमति पत्र जारी गर्ने ।

(२१) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने ।

(२२) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक तथा सिग्नल वितरण गर्नको लागि अनुमतिपत्र जारी गर्ने ।

(२३) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्ने ।

(२४) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउने ।

(२५) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने ।

(२६) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, अवधि थप र नवीकरण गर्ने ।

(२७) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने ।

(२८) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानवीन गर्ने ।

### १.१.३ क्षेत्राधिकार

सूचना तथा प्रसारण विभागको क्षेत्राधिकार देहायबमोजिम रहेको छ ः

(१) प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण,

(२) अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरण,

(३) पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन,

(४) सार्वजनिक सूचना व्यवस्थापन र वितरण,

(५) प्रेस रजिष्ट्रारको कार्यजिम्मेवारी सम्पादन,

(६) सरकारी कार्यक्रमहरूको औपचारिक फोटोग्राफी, संग्रह र वितरण,

(७) सूचनामूलक तथा ज्ञानवर्द्धक सामग्रीहरू प्रकाशन तथा वितरण,

(८) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी, नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने ।

(९) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने ।

(१०) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, प्रसारण अवधि थप गर्ने तथा अनुमतिपत्रको विवरण बदल्ने ।

(११) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने ।

(१२) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट

वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक गर्न तथा सिग्नल वितरणको लागि अनुमतिपत्र जारी गर्ने ।

(१३) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने ।

(१४) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानवीन गर्ने ।

### १.२ संगठन संरचना

### १.२.१ सूचना तथा प्रसारण विभागको संगठन संरचना

### १.२.२ कर्मचारी दरबन्दी विवरण



सूचना तथा प्रसारण विभागमा हाल ४० वटा कर्मचारी दरबन्दी रहेको छ। दरबन्दी विवरण देहाय बमोजिम छ :

| सि.नं. | पदको नाम | सेवा/समूह | उपसमूह | श्रेणी | दरबन्दी |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | प्रशासन | | रा.प.प्रथम | १ |
| २ | निर्देशक | प्रशासन/सा.प्र. | | रा.प.द्वितीय | १ |
| ३ | निर्देशक | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.द्वितीय | १ |
| ४ | निर्देशक | शिक्षा/कला | छविकला | रा.प.द्वितीय | १ |
| ५ | शाखा अधिकृत | प्रशासन/सा.प्र. | | रा.प.तृतीय | ४ |
| ६ | कानुन अधिकृत | न्याय/कानुन | | रा.प.तृतीय | १ |
| ७ | इलेक्ट्रोनिक इन्जिनयर | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.तृतीय | २ |
| ८ | कम्प्युटर इन्जिनियर | विविध | | रा.प.तृतीय | १ |
| ९ | छविकार | शिक्षा/कला | छविकला | रा.प.तृतीय | २ |
| १० | लेखा अधिकृत | प्रशासन/लेखा | | रा.प.तृतीय | १ |
| ११ | नायव सुब्बा | प्रशासन/सा.प्र. | | रा.प.अनं.प्र. | ५ |
| १२ | लेखापाल | प्रशासन/लेखा | | रा.प.अनं.प्र. | १ |
| १३ | इलेक्ट्रोनिक सहायक | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.अनं.प्र. | २ |
| १४ | कम्प्युटर अपरेटर | विविध | | रा.प.अनं.प्र. | ३ |
| १५ | खरिदार | प्रशासन/सा.प्र. | | रा.प.अनं.द्वि. | ४ |
| १६ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | | श्रेणीविहिन | ८ |
| १७ | हलुका सवारी चालक | इन्जि/मेका | | श्रेणीविहिन | २ |
| **कूल** | | | | | **४०** |

**१.३ विभागमा कार्यरत कर्मचारी विवरण**

| क्र.सं. | पद | नाम |
|---|---|---|
| **१. महानिर्देशक** | | |
| १ | महानिर्देशक | **श्री बलराम रिज्याल** |
| २ | खरिदार | **श्री राजेश दाहाल** |

| | | |
|---|---|---|
| ३ | ह.स.चा. | **श्री बच्छुराम के.सी.** |
| ४ | कार्यालय सहयोगी | **श्री करम लक्ष्मी जैसी** |
| **२. प्रशासन तथा प्रेस शाखा** | | |
| ५ | निर्देशक | **भरत गौतम** |
| **२.१ प्रशासन** | | |
| ६ | शाखा अधिकृत | **श्री टेक बहादुर वली** |
| ७ | कानुन अधिकृत | **श्री प्रतिक्षा के.सी.** |
| ८ | नायव सुव्वा | **श्री प्रतिमा दाहाल** |
| ९ | कप्युटर अपरेटर | **श्री खगेन्द्र कार्की** |
| १० | ह.स.चा. | **श्री प्रलाद खड्का** |
| ११ | ईलेक्ट्रिसियन् | **श्री चुँडाराज ढुंगेल** |
| १२ | सेक्युरिटी | **श्री अर्जुन ब. दाहाल** |
| १३ | कुचीकार | **श्री मैया मेहेत्तर** |
| १४ | कुचीकार | **श्री मुन्नी पोडे** |
| **२.२ प्रेस** | | |
| १५ | शाखा अधिकृत | **श्री चुडामणि के.सी.** |
| १६ | नायव सुव्वा | **श्री सविता घिमिरे** |
| १७ | नायव सुव्वा | **श्री अनिल शर्मा** |
| १८ | खरिदार | **श्री लेखा पौडेल खनाल** |
| १९ | कार्यालय सहयोगी | **श्री होम बहादुर श्रेष्ठ** |
| २० | कार्यालय सहयोगी | **श्री शशिकला पुडासैनी** |
| **२.३ अनलाइन** | | |
| २१ | शाखा अधिकृत | **श्री तुम्ला राई** |
| २२ | नायव सुव्वा | **श्री अन्जु राउत** |
| २३ | खरिदार | **श्री दिनेश पाण्डेय** |
| २४ | कम्प्युटर अपरेटर | **श्री सिर्जना गरु** |
| २५ | कार्यालय सहयोगी | **श्री बसन्त राज भुषाल** |
| **३. आर्थिक प्रशासन शाखा** | | |
| २६ | लेखा अधिकृत | **श्री रमेश भण्डारी** |
| २७ | लेखापाल | **श्री गंगा बि.सी. कार्की** |

| | | |
|---|---|---|
| २८ | कार्यालय सहयोगी | **श्री रमेश खड्का** |
| **४. प्रकाशन तथा फोटोग्राफी शाखा** | | |
| २९ | निर्देशक | **श्री मिन कुमार शर्मा** |
| ३० | छविकार | **श्री प्रवीण श्रेष्ठ** |
| ३१ | कम्प्युटर इन्जिनियर | **श्री पार्वती थापा मगर** |
| ३२ | छविकार | **श्री सुमन चन्द्र रौनियार** |
| ३३ | कार्यालय सहयोगी | **श्री डिल्लीबहादुर हमाल** |
| **५. प्रसारण शाखा** | | |
| ३४ | निर्देशक | **डा. सुबोध नेपाल** |
| ३५ | इलेक्ट्रोनिक इन्जिनियर | **श्री मनिषा शर्मा** |
| ३६ | इलेक्ट्रोनिक इन्जिनियर | **श्री नवराज बानियाँ** |
| ३७ | इलेक्ट्रोनिक इन्जिनियर | **श्री भरत दानकोटी** |
| ३८ | इलेक्ट्रो सहायक | **श्री असोक चौधरी** |
| ३९ | इलेक्ट्रो सहायक | **श्री** |
| ४० | नायव सुब्बा | **श्री प्रतिक भट्टराई** |
| ४१ | कार्यालय सहयोगी | **श्री टिकादेवी मिश्र** |
| **६. जिन्सी व्यवस्थापन** | | |
| ४२ | खरिदार | **श्री अधिकार बुढा** |
| ४३ | का.स. | **श्री रमेश ढुंगाना** |

### १.४ शाखा तथा कार्यविवरण

सूचना तथा प्रसारण विभागको दैनिक प्रशासनिक कार्य महानिर्देशकको नेतृत्वमा सञ्चालन भइरहेको छ। साथै, विभागको प्रशासनिक, आर्थिक लगायतका अन्य सम्पूर्ण कार्यहरूको जिम्मेवारी वहन गर्नुका साथै विभागको काम-कर्तव्य सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयप्रति महानिर्देशक उत्तरदायी हुनेछन्। विभागमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले गर्ने कामको कार्यविवरण यस विभागको व्यवस्थापन तथा सर्वेक्षण हुँदा तयार भएको कार्यविवरण बमोजिम हुनेछ।

### १.४.१ प्रशासन तथा प्रेस शाखा

सूचना तथा प्रसारण विभाग र यस अन्तर्गतका कर्मचारीहरूको प्रशासनिक कार्यसम्बन्धी सम्पूर्ण कार्य र स्वस्थ, मर्यादित, व्यवसायिक तथा संस्थागत पत्रकारिताको विकास तथा श्रमजीवी पत्रकारहरूको हक हित र सुरक्षाको प्रत्याभूति विभागको क्षेत्राधिकारसँग सम्बद्ध कानुनहरुमा संशोधनको लागि प्रतिवेदन तयार गर्ने कार्य यस शाखाको रहेको छ। यस शाखा अन्तर्गत निम्न एकाइहरू रहेका छन् :

**क) प्रशासन एकाइ**

(१) कर्मचारी प्रशासनसम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(२) विभागमा कार्यरत कर्मचारीहरूको अभिलेख अध्यावधिक राख्ने/राख्ने व्यवस्था मिलाउने ।

(३) कार्यालयको भौतिक सामग्रीहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने/गराउने ।

(४) विभागको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(५) मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने ।

(६) कार्यालय सुरक्षा, सरसफाइ, शौचालय, बगैँचाको व्यवस्थापन नियमित गर्ने/गराउने ।

(७) कार्यालयको स्वीकृत कार्यक्रमभित्र रहेर जिन्सी सामग्री खरीद गर्ने, आम्दानी बाँध्ने, माग फाराम अनुसार खर्च गर्ने तथा लिलाम बिक्रीसम्बन्धी कार्य गर्ने/गराउने ।

(८) गुनासोहरू यथासक्य व्यवस्थापन गर्ने ।

(९) नागरिक बडापत्र बनाई लागू गर्ने/गराउने ।

(१०) कार्यालयको अन्य शाखा र इकाईसँग समन्वय गर्ने ।

(११) अन्य शाखालाई नतोकिएका कार्य समेत गर्ने/गराउने ।

**ख) प्रेस एकाइ**

(१) स्वदेशी तथा विदेशी नागरिकलाई निजले पेस गरेको कागजातको आधारमा नियमानुसार स्थायी तथा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र र पत्रकार परिचयपत्र जारी तथा नवीकरण गर्ने ।

(२) पत्रकारिता क्षेत्रलाई निष्पक्ष, स्वतन्त्र, मर्यादित, उत्तरदायी, प्रतिस्पर्धी र भरपर्दो हुन उत्प्रेरित गर्ने ।

(३) नियमानुसार प्रेस सम्मेलन र पत्रकार भेटघाट आयोजना गर्ने ।

(४) पत्रकारिता क्षेत्रलाई आर्थिक एवं भौतिक रूपले आत्मनिर्भर हुन उपयुक्त वातावरण श्रृजना गर्ने ।

(५) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, नियम कार्यान्वयनको अनुगमन एवं पत्रकारको उजुरी सुनुवाइ गरी महानिर्देशकसमक्ष पेस गर्ने ।

(६) प्रेस सम्पर्क अधिकृतको काम गर्ने ।

(७) पत्रकार कल्याणसम्बन्धी कार्य गर्ने ।

(८) पत्रपत्रिका प्रकाशनको लागि जिल्ला प्रशासन कार्यालयबाट नामाङ्कनको लागि सोधनी भई आएमा विभागको अभिलेखमा उक्त नाम भिडाई यकिन गरी सिफारिस गरी पठाउने ।

(९) पत्रपत्रिका तथा अनलाइन सञ्चारमाध्यमहरूको दर्ता, नवीकरण र अभिलेख राख्ने ।

**ग) कानुन एकाइ**

(१) प्रचलित कानुन अनुरुप विभागले गर्ने काम-कारवाहीको निर्णय गर्दा कानुनी राय उपलब्ध गराउने ।

(२) अदालतमा परेका मुद्दाको सम्बन्धमा म्याद बुझ्ने, लिखित जवाफ तयार गर्ने र विभागका तर्फबाट बहस गर्ने ।

(३) सञ्चारगृहसँगको विषयमा उठेका कानुनी विषयहरूको निरुपणको लागि उचित राय र समाधानको लागि सहजीकरण गर्ने ।

(४) कार्यालयमा गरिने विभिन्न आर्थिक, प्रशासनिक र प्राविधिक निर्णयमा कानुनी राय उपलब्ध गराउने ।

(५) विभागसँग सम्बन्धित मौजुदा कानुनमा संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोको व्यवस्थासहित संशोधन वा परिमार्जनको लागि महानिर्देशक समक्ष पेश गर्ने ।

### १.४.२ प्रकाशन तथा फोटोग्राफी शाखा

विभागबाट प्रकाशित हुने विभिन्न प्रकाशनहरूको संकलन, प्रकाशन र वितरण गर्नुका साथै नेपाल सरकारको आधिकारिक फोटोग्राफरको रुपमा यस शाखाले कार्य गर्दछ । यस शाखा अन्तर्गत निम्न एकाइहरू रहेका छन् ः

**क) प्रकाशन एकाइ**

(१) विभागले प्रकाशन गर्ने समसामयिक विषयका सामग्रीहरू प्रकाशन गरी वितरण गर्ने ।

(२) सम्पादक मण्डलको निर्णयानुसार लेखरचना सङ्कलन गरी प्रकाशन तथा वितरण गर्ने ।

(३) वाचनालयमा प्राप्त हुने पत्रपत्रिकाहरू व्यवस्थित गर्ने र सर्वसाधारणले सजिलैसँग सेवा पाउन सक्ने व्यवस्था मिलाउने ।

(४) सार्वजनिक बिदा, तिथिमिति तालिका, दिवस र तस्बिरहरू सम्बन्धित निकायबाट लिई चैत्र मसान्तसम्ममा क्यालेण्डर तथा डायरी प्रकाशन गरी वितरणको व्यवस्था मिलाउने ।

(५) विभागबाट समय-समयमा प्रकाशन हुने विभिन्न विषयहरूको प्रकाशन तथा वितरणको व्यवस्था मिलाउने ।

(६) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम स्वतः प्रकाशन गर्ने ।

(७) नागरिकले माग गरेको सूचना उपलब्ध गराउने ।

**ख) फोटोग्राफी एकाइ**

(१) नेपालका विभिन्न भौगोलिक क्षेत्र, राष्ट्रिय पर्व तथा विविध विषयमा फोटो संकलन गर्ने ।

(२) विभागबाट प्रकाशन गरिने सामग्रीका लागि आवश्यक तस्बिरको व्यवस्था गर्ने ।

(३) विशिष्ट पदाधिकारी समुपस्थित कार्यक्रमको फोटो खिच्ने, विभिन्न संघ-संस्था वा व्यक्तिको अनुरोध

अनुसार फोटो उपलब्ध गराउने तथा डिजिटल फोटो वितरण गर्ने ।

(४) नेपाल भ्रमणमा आउने मित्रराष्ट्रका प्रमुखहरूको औपचारिक कार्यक्रमको फोटोग्राफी गर्ने र एल्बम तयार गरी उपहार दिने ।

(५) विभागबाट खिचिएका फोटोहरू विभागको वेबसाइटमा राख्ने ।

(६) विभागबाट खिचिएका तस्बिरहरूको फोटो नेगेटिभ र डिजिटल प्रविधिमा अभिलेख राख्ने ।

(७) नेपालसम्बन्धी विविध प्रकारका फोटोहरू नेपालका विभिन्न भौगोलिक क्षेत्रबाट सङ्कलन गरी फोटो बैङ्कमा प्रविष्ट गराउने तथा आवश्यकतानुसार प्रकाशन गर्ने ।

(८) नेपाल सरकारका महत्वपूर्ण अवसरहरूको फाटोग्राफी गर्ने ।

(९) फोटो प्रविधि तथा फोटो प्रदर्शन कक्ष सञ्चालन गर्ने ।

### १.४.३ प्रसारण शाखा

रेडियो, टेलिभिजन, MSO जस्ता प्रसारण संस्थाहरुलाई राष्ट्रिय प्रसारण नियमावली, २०५२ र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम नियमित, व्यवस्थित र मर्यादित बनाउने तथा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने कार्यहरूको नियमन गर्ने एवं एमेच्योर रेडियो परीक्षा सञ्चालन गर्ने ।

(१) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्र  वाकी-टाकी, VSAT लगायत दूरसञ्चार उपकरणहरुबाहेकका अन्य रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने ।

(२) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने ।

(३) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण, लगत कट्टा, विवरण बदल्ने तथा प्रतिलिपि जारीलगायतका कार्य गर्ने ।

(४) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने ।

(५) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्र उत्पादनको लागि लाइसेन्स जारी गरर्ने ।

(६) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो उपकरण बिक्री-वितरणको लाइसेन्स जारी तथा रेडियो उपकरणको आयात सिफारिस गर्ने ।

(७) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम लाइसेन्स रद्ध भइसकेका व्यक्ति/संस्थाहरुको हकमा सजाय आदेशको लागि मन्त्रालय पठाउने ।

(८) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरू (एफ.एम./टेलिभिजन)लाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने ।

(९) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम सरकारले तोकेको म्यादभित्र निवेदन आएमा डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने ।

(१०) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट

वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण वितरण, डाउनलिंक तथा सिग्नल वितरण गर्ने कार्यको लागि अनुमतिपत्र जारी गर्ने ।

(११) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई प्रसारण प्रारम्भ गर्ने अवधि थप गर्ने ।

(१२) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, नवीकरण गर्ने तथा प्रतिलिपि जारी गर्ने ।

(१३) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्थालाई प्रसारण समय उपलब्ध गराउने तथा नियमित प्रसारणको स्वीकृति दिने ।

(१४) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, नवीकरण गर्ने तथा विदेशी प्रसारण संस्थालाई प्रसारण समय उपलब्ध गराउने ।

(१५) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्र रद्ध भइसकेको प्रसारण संस्थाहरुका हकमा सजाय आदेशको लागि मन्त्रालय पठाउने ।

(१६) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थालाई आवश्यक पर्ने विदेशी मुद्रा सटही सुविधा सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने ।

(१७) विभागमा जडित Multiviewer Streaming & Monitoring System बाट विदेशी च्यानलहरुको विज्ञापन प्रसारण भएको/नभएको नियमित रुपमा अनुगमन गर्ने कार्य ।

(१८) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि जारी गर्ने र नियमित प्रसारणको स्वीकृति दिने ।

(१९) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्राविधिक निरीक्षण तथा छानवीन गर्ने ।

(२०) विदेशी मुद्रा सटही सुविधाका लागि सिफारिस गर्ने ।

(२१) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो उपकरण विक्री-वितरणको लाइसेन्स जारी तथा आयात सिफारिस गर्ने ।

(२२) रेडियो उपकरणको आयात सिफारिस गर्ने

(२३) राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थालाई आवश्यक पर्ने विदेशी मुद्राको सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने ।

### १.४.४ आर्थिक प्रशासन शाखा

१) स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन तथा अनुगमन गर्ने र कार्यक्रम तथा सालवसाली खर्चको आधारमा बजेट तर्जुमा गर्ने ।

२) अख्तियारी प्राप्त गर्ने, आम्दानी बाँध्ने र प्रचलित कानुन बमोजिम खर्च गर्ने ।

३) विनियोजन, राजश्व तथा धरौटी खाता सञ्चालन गर्ने ।

४) आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली तथा सम्बन्धित कानुन बमोजिम खर्च गर्ने ।

५) तोकिए बमोजिम लगत तथा प्रतिवेदनहरू पठाउने ।

६) कोष तथा लेखा नियन्त्रण कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउने ।

७) महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने ।

८) बेरुजूहरूको लगत किताब राखी फछ्र्यौट गर्ने गराउने ।

९) विभागमा प्राप्त भएका धरौटी तथा राजश्व रकम आम्दानी बाँध्ने ।

१०) सरकारी सम्पत्तिको अभिलेख राख्ने ।

११) पत्रकार बीमासम्बन्धी कार्य गर्ने ।

१२) आर्थिक प्रशासनसँग सम्बन्धित अन्य कामकाज गर्ने ।

### १.४.५. **प्रवक्ता**

सूचना तथा प्रसारण विभागले सम्पादन गर्ने काम-कारवाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३५ बमोजिम प्रवक्ता तोकी प्रवक्ताको नाम, पद, सम्पर्क नम्बर र फोटोसहितको विवरण विभागको वेवसाइटमा राखिएको छ । विभागबाट जारी हुने विज्ञप्तिहरु प्रवक्ता मार्फत जारी हुँदै आएको छ । सूचना तथा प्रसारण विभागले सम्पादन गरेको काम-कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको गुनासो सुन्न र पेश भएका गुनासो व्यवस्थापन गर्नको लागि प्रवक्तालाई नै गुनासो सुन्ने अधिकारीको समेत जिम्मेवारी तोकिएको छ।

### १.४.६. **सूचना अधिकारी**

आम नागरिकको सूचना पाउने अधिकार (Right to Information) का लागि विभागले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारी तोकी सूचनाको हकसम्बन्धी ऐनको दफा ७ र ८ बमोजिम सूचना अधिकारीसँग सहजै सूचना प्राप्तिको लागि सम्पर्क गर्न सक्ने गरी विभागमा सबैले देख्नेगरी सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर र फोटोसमेत टाँस गरिएको छ । उक्त विवरणहरु विभागको वेबसाइटमा समेत सार्वजनिक गरिएको छ।

### १.४.७. **गुनासो सुन्ने अधिकारी**

सुशासन(व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम(२०) गुनासो सुन्ने अधिकारी तोकी सूचना तथा प्रसारण विभागले सम्पादन गरेको काम-कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको गुनासो सुन्न र पेश भएका गुनासो व्यवस्थापन गर्नको लागि गुनासो सुन्ने अधिकारीको समेत जिम्मेवारी तोकिएको छ।

## १.५ प्रदेश मुकाम भएका हुलाक निर्देशनालय र हुलाक कार्यालयहरु

विभिन्न जिल्लामा कार्यरत श्रमजीवी पत्रकारहरुको प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरणका लागि सहजता होस् भन्ने उद्देश्यले यस विभागको महानिर्देशकले गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको कार्य सातवटै प्रदेश राजधानीस्थित हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालय प्रमुखहरूलाई अधिकार प्रत्यायोजन गरी प्रदेश निकायमा कार्यरत श्रमजीवी पत्रकारको प्रेस प्रतिनिधि परिचयपत्र नवीकरण गर्ने र नयाँ प्रमाणपत्र जारी गर्नको लागि आवश्यक कागजातसहितको विवरण संलग्न गरी विभागमा पठाउने व्यवस्था गर्ने कार्यको जिम्मेवारी सातवटै प्रदेश राजधानीस्थित हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयलाई मिति २०७७/३/११ को नेपाल सरकार, (माननीय मन्त्रीस्तरीय) निर्णयानुसार अधिकार प्रत्यायोजन गरिएको छ।

| प्रदेशको नाम | कार्यालयको नाम | जिल्लाको नाम |
|---|---|---|
| कोशी | विराटनगर हुलाक क्षेत्रीय निर्देशनालय | ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथम, धनकुटा, भोजपुर, खोटाङ, उदयपुर, झापा, मोरङ, सुनसरी, सोलुखुम्बु र ओखलढुंगा |
| मधेश | जिल्ला हुलाक कार्यालय जनकपुर | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा |
| बागमती | जिल्ला हुलाक कार्यालय मकवानपुर | दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाडौँ |
| गण्डकी | क्षेत्रीय हुलाक निर्देशनालय कास्की | गोरखा, तनहुँ, स्याङ्जा, लमजुङ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, बागलुङ, म्याग्दी र नवलपुर पूर्व |
| लुम्बिनी | जिल्ला हुलाक कार्यालय रुपन्देही | नवलपरासी पश्चिम, पाल्पा, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, दाङ, प्युठान, रुकुम पूर्व, रोल्पा, बाँके र बर्दिया |
| कर्णाली | क्षेत्रीय हुलाक निर्देशनालय सुर्खेत | रुकुम पश्चिम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला |
| सुदूरपश्चिम | जिल्ला हुलाक कार्यालय कैलाली | कैलाली, अछाम, डोटी, बझाङ, बाजुरा, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला |

## १.५ विभागको कार्यसम्पादनसँग सम्बद्ध ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू:

(१) राष्ट्रिय आम सञ्चार नीति, २०७३

(२) छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८

(३) श्रमजीवि पत्रकारसम्बन्धी ऐन, २०५१

(४) राष्ट्रिय प्रसारण ऐन, २०४९

(५) रेडियो ऐन, २०१४

(६) सूचनाको हकसम्बन्धी ऐन, २०६४

(७) प्रेस काउन्सिल ऐन, २०४८

(६) छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९

(७) श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०५३

(८) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९

(९) राष्ट्रिय प्रसारण नियमावली, २०५२

(१०) सूचनाको हकसम्बन्धी नियमावली, २०६५

(११) अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३

(१२) द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७०

(१३) पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०

(१४) पत्रकारिता अनुदान सहयोगसम्बन्धी निर्देशिका, २०६६

(१५) श्रमजीवि पत्रकारसम्बन्धी ऐन बमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरका कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०७१

(१६) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र) वितरण कार्यविधि, २०७१

(१७) लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४

(१८) पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४

(१९) बिद्युतीय आम सञ्चार माध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६

(२०) पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५

(२१) राष्ट्रिय सञ्चार नीति, २०४९

(२२) विज्ञापन (नियमन गर्ने) ऐन, २०७६

(२३) मन्त्रालयबाट विभिन्न समयमा भएका अधिकार प्रत्यायोजनका पत्रहरू

# परिच्छेद–२

## २. विभागका काम, कर्तव्य र अधिकार

### २.१ सूचना व्यवस्थापनसम्बन्धी कार्य

सूचना तथा प्रसारण विभागले सरकारी सूचना तथ्यगत, विश्लेषणयुक्त एवं चित्रगतरूपमा संकलन गरी संग्रह गर्ने तथा सम्प्रेषण गर्ने जिम्मेवारी पूरा गर्दै आएको छ। देशको शासन प्रणालीका विषयमा जनतामाझ सूचना प्रवाह गरी त्यसको महत्वबारे जानकारी दिने र विद्यमान शासन प्रणालीप्रति विश्वास दिलाउने कार्य गर्नुका साथै अनुसन्धानात्मक सूचना प्रवाह गर्ने र जनतालाई सुसूचित गर्ने कार्यमा सूचना तथा प्रसारण विभाग केन्द्रित हुँदै आएको छ। यस विभागले नेपाल परिचय पुस्तक, क्यालेण्डर, डायरी, नेपाल द्वैमासिक पत्रिका, विविधतामा एकता फोटो पुस्तक तथा वार्षिक प्रतिवेदन जस्ता सामग्रीहरूको प्रकाशन तथा पत्रकार अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने र आफ्नो वेबसाइटमार्फत् यस्ता सूचना सम्प्रेषित गर्दै आएको छ।

### २.२ पत्रपत्रिका दर्तासम्बन्धी कार्य

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा ७ (१) मा उल्लेख भएअनुसार सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रिकाका लागि नेपालभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थानसमेत खुलाई पत्रिका दर्ता गर्नका लागि दस्तूरसहित स्थानीय अधिकारी (जिल्ला प्रशासन कार्यालय) समक्ष दरखास्त दिनुपर्ने व्यवस्था रहेको छ। तर नेपाल सरकारको कार्यालय, नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, नेपाल सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा सङ्गठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्दैन। यसरी दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले सो दरखास्तउपर आवश्यक छानविन गरी दरखास्तवालासँग कुनै कुरा बुझ्नुपर्ने भएमा सोसमेत बुझी दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र दरखास्तवालालाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न अस्थायी प्रमाणपत्र दिने व्यवस्था छ। स्थानीय अधिकारीले पत्रपत्रिका प्रकाशन गर्न चाहने व्यक्तिलाई अस्थायी प्रमाणपत्र दिइसकेपछि त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरणसहितको सूचना प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभागको महानिर्देशक) लाई दिनुपर्ने व्यवस्था सोही ऐनको दफा ७ (३) मा गरिएको छ।

प्रेस रजिष्ट्रारबाट स्वीकृति पाएपछि स्थानीय अधिकारीले सम्बन्धित दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिनुपर्ने व्यवस्था छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ ले गरेको छ। सो व्यवस्था अनुसार दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा स्थानीय अधिकारीले सोही कुराको जानकारी दरखास्तवालालाई दरखास्त परेको मितिले सामान्यतया तीन महिनाभित्र दिनुपर्नेछ। त्यस्तो जानकारी दिएपछि दरखास्तवालाको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुनेछ। यसरी प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नुपर्नेछ। पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा एकभन्दा बढी भाषामा पत्रपत्रिका प्रकाशित गर्नुपरेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेकोमा अन्य जिल्ला वा एकभन्दा बढी जिल्लाबाट प्रकाशित गर्नुपर्ने भएमा वा स्वामित्व हस्तान्तरण गर्नु परेमा

सरोकारवाला व्यक्तिले स्थानीय अधिकारीसमक्ष दरखास्त दिई सोको समेत प्रमाणपत्र लिनुपर्नेछ। साथै, दर्ता भएको पत्रिकाको नाम एवं विवरण परिवर्तन भएमा स्थानीय अधिकारीले प्रेस रजिष्ट्रारलाई तुरुन्त जानकारी दिनुपर्नेछ।

### २.३ पत्रपत्रिकाको अभिलेखसम्बन्धी कार्य

क) सूचना तथा प्रसारण विभागले पत्रपत्रिकाहरूको स्थायी र अस्थायी नाम नेपाली भाषामा वर्णानुक्रमअनुसार रजिष्टरमा/सफ्टवेयरमा अभिलेख राख्ने गरेको छ।

ख) अभिलेखलाई कम्प्युटराइज्ड गर्ने सिलसिलामा आ.व. २०६८/६९ भन्दा तीन वर्षअघिदेखि प्रयोग गर्दै आएको करीव छ हजार पत्रपत्रिकाको विवरण रहेको कम्प्युटर सफ्टवेयरमा त्रुटि उत्पन्न भई सन्तोषजनक रूपमा काम लिन नसकिएको कारण उक्त आ.व.मा नयाँ सफ्टवेयर निर्माण भएको छ।

ग) वर्गीकरणमा परेका वा नपरेका पत्रपत्रिकाहरू प्रकाशनमा भए/नभएको सम्बन्धमा अनुगमन गर्ने कार्यका लागि त्यस्ता पत्रपत्रिका विभागमा अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ र सोको हाजिरी अभिलेखलाई नयाँ सफ्टवेयर निर्माण गरी व्यवस्थित गर्ने कार्यको शुरुवात समेत भैसकेको छ।

घ) विस्तृत विवरणसहित नव-निर्मित कम्प्युटर सफ्टवेयरमार्फत् उल्लेखित विवरणलाई अध्यावधिक गर्ने काम सकिएको छ र त्यसलाई निरन्तरता दिई थप हुने विवरणहरू अद्यावधिक गर्दै लगिएको छ।

### २.४ प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्रसम्बन्धी कार्य

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ तथा नियमावली, २०४९ मा व्यवस्था भएअनुसार पत्रकारिता गर्ने सञ्चारकर्मीले समाचार सङ्कलनको लागि प्रेस प्रतिनिधि प्रमाणपत्र लिनुपर्छ। प्रेस प्रतिनिधि प्रमाणपत्र सूचना तथा प्रसारण विभागले जारी गर्दछ। कानुनतः यस्तो प्रमाणपत्र नलिइकन समाचार सङ्कलन वा पत्रकारिता गर्न पाइँदैन र यस्तो प्रमाणपत्र नेपालभर मात्र मान्य हुनेछ।

### २.५ प्रेस रजिष्ट्रारको कार्य

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १९ मा व्यवस्था भए अनुसार नेपालबाट प्रकाशित हुने पत्रपत्रिकाको सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने कामको लागि नेपाल सरकारले एक प्रेस रजिष्ट्रारको नियुक्ति गर्नेछ। नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६५/०६/१९ को निर्णयले प्रेस रजिष्ट्रारले गर्ने कार्य सूचना तथा प्रसारण विभागका महानिर्देशकलाई सुम्पिएको छ। प्रेस रजिष्ट्रारको कार्य गर्नेसम्बन्धी पत्र अनुसूची ५ मा समावेश छ। प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) पत्रपत्रिकाको स्थायी प्रमाणपत्र दिन स्वीकृतिका लागि सिफारिस गर्ने,

(ख) दर्ता भएका पत्रपत्रिकाको सम्पूर्ण विवरण स्थानीय अधिकारीसँग लिई अभिलेख राख्ने,

(ग) पत्रपत्रिकाको नाम, भाषा, किसिम, प्रकाशन अवधि, प्रकाशन हुने स्थान आदिमा समय समयमा भएका परिवर्तनका सम्बन्धमा स्थानीय अधिकारीबाट जानकारी लिई अद्यावधिक अभिलेख राख्ने,

(घ) पत्रपत्रिकामा विज्ञापन दिनको लागि कुनै पत्रपत्रिकासम्बन्धी विवरण माग गर्ने व्यक्ति वा संस्थालाई तोकिएबमोजिमको शुल्क लिई विवरणहरू दिने,

(ङ) पत्रपत्रिकालाई दिइने सुविधाका सम्बन्धमा नेपाल सरकारलाई उचित राय सल्लाह दिने,

(च) नेपालभित्र प्रकाशित हुने पत्रपत्रिकाको नाम, किसिम, प्रकाशन अवधि, भाषा आदि विषय समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने,

(छ) छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ वा अन्य प्रचलित कानुनबमोजिम प्रेस रजिष्ट्रारले गर्ने भनी तोकिएको अन्य काम गर्ने,

(ज) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा २४ (२) मा श्रमजीवी पत्रकारको उजुरी लिने, छलफल गराउने, फैसला गर्ने, नियुक्ति नदिई काममा लगाएमा एक हजारदेखि दुई हजारसम्म जरिवाना गर्न सक्ने।

### २.६ श्रमजीवी पत्रकार ऐन, २०५१ कार्यान्वयन र अनुगमनसम्बन्धी कार्य

वि.सं. २०५१ फागुन २९ गतेदेखि श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ लागू भएको हो । सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी एवं कामदारको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्ने र पत्रकारहरूको व्यवसायिक दक्षता प्रवर्द्धन गरी स्वस्थ एवं मर्यादित पत्रकारिताको विकास गर्ने उद्देश्य यो ऐनले लिएको छ। साथै, ऐनले सञ्चारगृह, पत्रकार, कर्मचारी, कामदार, प्रेस रजिष्ट्रार जस्ता विषयहरूको परिभाषा गर्दै पत्रकारहरूको नियुक्ति, पारिश्रमिक, काम गर्ने घण्टा, कल्याणकारी कोष, आचरण, सजाय, उपदान, सञ्चयकोष, बिदा जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरेको छ। उक्त ऐनले सञ्चारगृहले प्रतिष्ठानको श्रमजीवी कर्मचारीको पद वर्गीकरण तथा पत्रकार एवं कर्मचारी नियुक्तिको विषयमा प्रेस रजिष्ट्रारलाई जानकारी दिनुपर्ने र करारमा नियुक्ति गर्दा प्रेस रजिष्ट्रारलाई जानकारी दिनुपर्ने तथा करारमा नियुक्ति गर्दा प्रेस रजिष्ट्रारको स्वीकृति लिई बढीमा पन्ध्र प्रतिशतसम्म नियुक्ति गर्न सकिने व्यवस्था छ।

साथै, सञ्चारगृहले पत्रकार, कर्मचारी तथा कामदारको कल्याणका लागि कल्याणकारी कोष खडा गर्नुपर्ने व्यवस्था पनि यस ऐनले गरेको छ । उक्त ऐनमा श्रमजीवी पत्रकार कामदारले पाउने न्यूनतम पारिश्रमिक सिफारिस गर्न एक न्यूनतम पारिश्रमिक निर्धारण समिति रहने व्यवस्था पनि रहेको छ।

श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को कार्यान्वयन र अनुगमनसम्बन्धी कार्य देहायबमोजिम रहेका छन्ः

क) सञ्चारगृह एवं श्रमजीवी पत्रकारको जिम्मेवारी ऐन कार्यान्वयन गर्ने हो भने ऐनअनुसार कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने काम प्रेस रजिष्ट्रार अर्थात् सूचना तथा प्रसारण विभागको महानिर्देशकको हो। ऐनले सञ्चार प्रतिष्ठानको व्यवस्था गरी ऐन कार्यान्वयन नगर्ने सञ्चार गृह एवं श्रमजीवी पत्रकारलाई पत्रपत्रिकाको वर्गीकरणमा समावेश नगर्ने, सरकारबाट प्राप्त गरेका अनुदान वा विज्ञापनमा रोक लगाउने वा कटौती गर्ने, सञ्चार सामग्री वा कच्चा पदार्थको आयातमा रोक लगाउने वा सरकारी भ्रमण दलमा सहभागी नगराउने अधिकार प्रदान गरेको छ।

ख) सञ्चारगृहका व्यवस्थापक र श्रमजीवी पत्रकार कर्मचारी वा कामदारबीच सेवा शर्त तथा सुविधासम्बन्धी कुनै विवाद भएको खण्डमा प्रेस रजिष्ट्रारले वार्ता, मेलमिलाप वा मध्यस्थता जस्ता विभिन्न माध्यमद्वारा त्यस्ता विवाद समाधान गर्न गराउन सक्ने व्यवस्था ऐनमा गरिएको छ।

ग) श्रमजीवी पत्रकार तथा कर्मचारीले आफूले पाउनु पर्ने पारिश्रमिक एवं अन्य सुविधा नपाएको खण्डमा सूचना तथा प्रसारण विभागमा उजुरी गर्न सक्ने व्यवस्था रहेको छ।

घ) प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्न सम्बन्धित सञ्चारगृहले दिएको नियुक्ति-पत्रमा पारिश्रमिकको स्केल अनिवार्य रूपमा खुलेको हुनुपर्ने व्यवस्था गरिएको छ।

ङ) श्रमजीवी पत्रकार एवं कामदार नियुक्ति गर्दा प्रयोग गर्ने नियुक्तिको ढाँचा सम्बन्धित सबैको जानकारीका

लागि सूचना तथा प्रसारण विभागको वेबसाइटमा राखिएको छ।

च) सूचना तथा प्रसारण विभागले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को कार्यान्वयन तथा अनुगमनका लागि स्थलगत र टेबुल गरी दुई किसिमले अनुगमन गर्ने गरेको छ। स्थलगत अनुगमन अन्तर्गत विभागका महानिर्देशक एवं कर्मचारीहरूबाट स्थलगत रूपमा सञ्चारगृहको सम्बन्धित कागजपत्रको निरीक्षण गर्ने गरिन्छ भने टेबुल अनुगमन अन्तर्गत पत्रकारका लागि प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने बेलामा सञ्चारगृहहरूसँग नियुक्ति, पारिश्रमिक लगायतका विषयमा विवरण माग गर्ने र सोको अध्ययन गर्ने गरिन्छ।

छ) आ.व. २०६८/६९ देखि सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति तथा नेपाल पत्रकार महासंघको संयुक्त अभियानमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन र नियमावली कार्यान्वयन गर्न सञ्चारगृहका व्यवस्थापक एवं श्रमजीवी पत्रकारलाई समेटी गोष्ठी, अन्तरक्रिया, क्षेत्रीय तथा जिल्लास्तरमा संवाद सम्पन्न गरिएको थियो। यो कार्यक्रम निरन्तर रूपमा गर्दै आएको छ।

ज) नेपाल सरकारले २०७३ साउन २४ गते राजपत्रमा सूचना प्रकाशित गरी सबै सञ्चार प्रतिष्ठानहरूमा लागू हुनेगरी सञ्चार प्रतिष्ठानहरूमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरूको न्यूनतम पारिश्रमिकमा संशोधन गरी नयाँ पारिश्रमिक निर्धारण गरेको छ।

झ) नेपाल सरकारले २०७५ असोज ३० गते राजपत्रमा सूचना प्रकाशित गरी सबै सञ्चार प्रतिष्ठानहरुमा २०७५ कात्तिक १ गतेदेखि लागू हुने गरी सञ्चार प्रतिष्ठानहरुमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरुमा न्यूनतम पारिश्रमिक २५ प्रतिशत बृद्धि हुने गरी न्यूनतम पारिश्रमिक संशोधन गरी नयाँ पारिश्रमिक निर्धारण गरेको छ।

ञ) अनुगमनका लागि सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ केन्द्रीय पत्रकारिता जगतका अन्य केही सरोकारवाला संस्थाका प्रतिनिधिहरू समेत रहेको समितिले संयुक्त अभियान प्रारम्भ गरेको।

### २.७ श्रमजीवी पत्रकारका उजुरी र सोको व्यवस्थापनसम्बन्धी कार्य

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अनुसार श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानबाट पाउनुपर्ने कुनै सुविधा वा रकम नपाएमा वा व्यवस्थापकले ऐन बमोजिम नगर्दा वा ऐन कार्यान्वयन नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो पत्रकारले पैंतीस दिनभित्र प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभागका महानिर्देशक) समक्ष उजुरी दिनुपर्नेछ। उजुरीउपर प्रेस रजिष्ट्रारले तोकिएको समितिबाट अध्ययन गराई उजुरी मनासिव ठहरेमा त्यस्तो सञ्चार प्रतिष्ठानलाई सजायको निर्णय गर्न सक्नेछ। सो निर्णयउपर चित्त नबुझेमा उजुरीकर्ता पत्रकारले ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था ऐनले गरेको छ।

यस व्यवस्थालाई थप प्रभावकारी तुल्याउन 'श्रमजीवी पत्रकारसम्बन्धी ऐनबमोजिम प्रेस रजिष्ट्रारले उजुरी उपरको कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०६८ निर्माण गरिएको छ। सो कार्यविधिको बुँदा नं. ३ बमोजिम प्रेस रजिष्ट्रारसमक्ष दिइने उजुरी पाँचवटै सञ्चारकेन्द्रहरूमा आ-आफ्नो क्षेत्रका श्रमजीवी पत्रकारबाट दर्ता गराउन चाहेमा दर्ता गरी थप कारबाहीको लागि प्रेस रजिष्ट्रारको कार्यालय, सूचना तथा प्रसारण विभागमा पठाउन सकिने गरी २०६९ श्रावण १ गतेदेखि अधिकार प्रत्यायोजन गरिएको छ।

साथै, ऐनको दफा ३४(ख) मा श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानको व्यवस्थापनबीच सेवा शर्त र सुविधासम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा प्रेस रजिष्ट्रारबाट वार्ता, मेलमिलाप वा मध्यस्थता जस्ता विभिन्न माध्यमबाट विवाद समाधान गर्न गराउन दुवै पक्षलाई बोलाई विवाद समाधान गर्ने पहल हुँदै आएको छ। तर विवाद समाधान हुन नसकेमा प्रचलित श्रम कानुनअनुरूप हुने व्यवस्था ऐनमा रहेको छ।

### २.८ फोटो पत्रकारिता र व्यवस्थापनसम्बन्धी कार्य

There is Chinese Proverb that "A picture is better than thousand words." तस्बिर घटना र विषयवस्तुको कहिले,कहाँ, किन र के का लागि भन्ने प्रश्नको उत्तर दिने सशक्त माध्यम हो र यसको प्रयोग विभिन्न कार्यका लागि गर्ने गरिन्छ। पछिल्लो समयमा सूचना सम्प्रेषणका क्षेत्रमा तस्बिरको प्रयोग व्यापक हुँदै आएको छ। पत्रपत्रिकामा तस्बिरको प्रयोग सन् १८३० तिर शुरु भएको पाइए तापनि बेलायती फोटोग्राफर रोजर फेन्टनको क्रिमिया युद्ध (सन् १८५३-१८५६) का तस्बिरहरू पत्रपत्रिकामा छापिएपछि यसको उचाइ बढेको हो। नेपालको सन्दर्भमा भने गोरखापत्रमा वि.सं. १९८४ वैशाख १३ गते छापिएको चर्खामा धागो कातिरहेकी महिलाको तस्बिरलाई समाचारका लागि छापिएको पहिलो तस्बिर मानिन्छ। महंगो प्रविधि र विज्ञहरूको अभावका कारण विश्वमा जुन गतिमा यसको विकास भयो सोही तवरले नेपालमा विकास र प्रयोग हुन नसकेता पनि हालका दिनमा भएको यसको प्रयोग र प्रभावलाई अवमूल्यन गर्न सकिने अवस्था भने छैन।

वि.सं. २००५ मा स्थापित सूचना तथा प्रसारण विभाग (तत्कालीन प्रचार विभाग) को फोटो शाखाले तत्कालीन उद्देश्यअनुरूप मुख्य रूपमा राजामहाराजाका तस्बिरहरू खिच्ने र प्रचार प्रसारका लागि वितरण गर्ने गरेको पाइन्छ। हालका दिनहरूमा प्रकाशन तथा फोटोग्राफी शाखाले नेपाल सरकारका महत्वपूर्ण अवसरहरू, विशिष्ट व्यक्तिहरू तथा नेपाल भ्रमणमा आएका विदेशी विशिष्ट व्यक्तिहरूको भ्रमणका अवसरमा नेपालको भौगोलिक, ऐतिहासिक एवं सांस्कृतिक पक्षका फोटोग्राफी गर्ने र ती तस्बिरहरूलाई दीर्घकालसम्म रेकर्डका लागि संग्रह तथा वितरण र प्रकाशन गर्ने कार्य गर्दै आएको छ। नेपाल सरकारको आधिकारिक फोटोग्राफरका हैसियतले हालसम्म भएका औपचारिक कार्यक्रमहरूको फोटो खिची संग्रह गर्ने तथा आवश्यकतानुसार फोटो सूचना सम्प्रेषण गर्ने कार्य यस विभागबाट हुँदै आएको छ। विभागले नेगेटिभ फोटो तथा डिजिटल इमेजहरू अत्यधिक मात्रामा सङ्कलन गरिरहेको छ। वि.सं. २०३० पछि भएका नेगेटिभ फोटोको सूची क्रोनोलोजीकल अर्डर अनुसार राखिएका छन्। यस विभागले फोटो पत्रकार, आमसञ्चारका विद्यार्थी तथा सर्वसाधारणको लागि समेत पहुँच हुनेगरी पुराना र महत्वपूर्ण क्यामेरा तथा फोटो प्रविधिसहितको एक फोटो प्रविधि प्रदर्शन तथा अध्ययन कक्ष निर्माण गरेको छ।

### २.९ प्रकाशन तथा वितरण व्यवस्थापनसम्बन्धी कार्य

सूचना तथा प्रसारण विभागले विभिन्न पुस्तक, समसामयिक विषयसम्वद्ध सामाग्रीहरु प्रकाशन गरी वितरण गर्ने कार्य गर्दछ। धर्म, संस्कृति, साहित्य, जीवनी, इतिहास, भूगोल, जनसंख्या, स्वास्थ्य, शिक्षा, कृषि, सरकारका नीति नियम, पत्रकारिता आदि क्षेत्रमार्फत् नेपाललाई चिनाउने विभिन्न पुस्तकहरु प्रकाशित गर्दछ। बार्षिक प्रतिवेदनको साथै क्यालेण्डर, डायरी, नेपाल द्वैमासिक पत्रिका, नेपाल परिचय पुस्तक, विविधतामा एकता (चित्रमय) पुस्तक विभागका नियमित प्रकाशन हुन।

#### (क) क्यालेण्डर र डायरी

नेपाल सरकारको आधिकारिक क्यालेण्डर तथा डायरी प्रकाशन गर्ने एकमात्र निकाय सूचना तथा प्रसारण

विभाग हो। क्यालेण्डर र डायरी प्रकाशनको लागि विभागका महानिर्देशकको संयोजकत्वमा प्रकाशन तथा फोटोग्राफी शाखाले अन्य शाखाहरुसँग समन्वय गरेर सम्पादन मण्डल गठन गर्दछ। उक्त सम्पादन मण्डलद्धारा नै बैठकहरु बसी छलफलद्धारा विभागले सम्पादन गरेका सामाग्री/विवरणहरु संकलन गरी छपाइसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्दछ। यो कार्य प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिकबाट नै शुरु हुन्छ। सम्पादन मण्डलद्वारा बैठक शुरु भए लगत्तै क्यालेण्डर र डायरीको लागि आवश्यक पर्ने सामाग्रीहरु संकलन गर्ने कार्य शुरु हुन्छ। यस क्रममा पंचाङ्ग निर्णायक समितिबाट तिथिमितिसहितको डेट प्याड र गृह मन्त्रालयवाट आगामी वर्षभरि हुने सार्वजनिक विदाका विवरण संकलन गरिन्छ। क्यालेण्डरमा समावेश गर्न तस्बिर संकलन र छनौट आदिको व्यवस्थापनको काम प्रकाशन तथा फोटोग्राफी शाखाले गर्दछ। डायरीमा समावेश गरिने फोन नम्बरहरु अद्यावधिक गर्ने कार्य पनि सँगसँगै गरिन्छ।

क्यालेण्डर तथा डायरी छपाइ कार्य सम्पन्न गर्नको लागि सिलवन्दी दरभाउपत्र आह्वान गोरखापत्रमा प्रकाशन गरिन्छ। दरभाउपत्रवालाको योग्यता तथा पालना गर्नुपर्ने शर्तहरुको किटानी गरिन्छ। क्यालेण्डर र डायरीको स्पेशिफिकेशन तयार गरिन्छ। दरभाउपत्र स्वीकृत भएपछि मुद्रकलाई अन्य विज्ञापन नराख्ने शर्तमा अनुमति पत्र प्रदान गरिन्छ। क्यालेण्डर र डायरीको मूल्य न्यूनतम रोयल्टी रकम र निशुल्क दिनुपर्ने क्यालेण्डर र डायरीको संख्या विभागले निर्धारण गर्दछ। क्यालेण्डर र डायरी छापे वापत सूचना तथा प्रसारण विभागले मुद्रकलाई रकम भुक्तानी दिनु पर्दैन बरु विभागले मुद्रकवाट निश्चित संख्यामा निशुल्क रुपमा क्यालेण्डर र डायरी समेत प्राप्त गर्छ। उक्त क्यालेण्डर र डायरी विभागले सरकारी निकाय तथा सर्वसाधारणहरुलाई निशुल्क रुपमा वितरण गर्दछ।

उपरोक्त सबै कार्यहरु चैत्र मसान्तसम्ममा सकिन्छ। क्यालेण्डर र डायरी व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार सूचना तथा प्रसारण विभागमा निहित रहेको हुन्छ।

विगतका केही वर्षमा क्यालेण्डर र डायरीको मूल्य, रोयल्टी रकम र निःशुल्क माग संख्या

| वि.सं. | विभागले तोकेको न्युनतम रोयल्टी रकम (रु.) | स्वीकृत दरभाउ पत्रमा कबोल गरेको रोयल्टी रकम (रु.) | विभागले निशुल्क प्राप्त गर्ने क्यालेण्डर र डायरी संख्या | क्यालेण्डरको मूल्य (रु.) | डायरीको मूल्य (रु.) |
|---|---|---|---|---|---|
| २०६४ | २५,२५०।- | २६,०००।- | क्या. ५५०० र डा. ३००० | ३०।- | २५।- |
| २०६५ | ३०,१००।- | ३०,१५०।- | क्या. ५५०० र डा. ३००० | ३०।- | २५।- |
| २०६६ | ३०,१५०।- | ३२,२००।- | क्या. ५५०० र डा. ३००० | ३५।- | ३०।- |
| २०६७ | ३१,०००।- | १,२५,२१५।- | क्या. ५५०० र डा. ३००० | ३५।- | ३०।- |
| २०६८ | १,२५,३००।- | १,४१,०००।- | क्या. ५५०० र डा. ३००० | ४०।- | १२५।- |
| २०६९ | १,४२,०००।- | २,२३,०००।- | क्या. ५५०० र डा. ३००० | ४०।- | १२५।- |
| २०७० | २,५०,०००।- | २,५१,५००।- | क्या. ५५०० र डा. ३००० | ५०।- | ३२५।- |
| २०७१ | २,५५,०००।- | २,६१,०००।- | क्या. ६००० र डा. ३००० | ५०।- | ३२५।- |
| २०७२ | २,६१,०००।- | ६,६६,०००।- | क्या. ६००० र डा. ३००० | ५०।- | ३२५।- |
| २०७३ | २,६१,०००।- | २,६१,०००।- | क्या. ६००० र डा. ३००० | ५०।- | ३२५।- |
| २०७४ | २,६१,०००।- | २,६१,०००।- | क्या. ६००० र डा. ३००० | ५०।- | ३२५।- |
| २०७५ | २,६१,०००।- | ३,७५,०००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |
| २०७६ | ३,७५,०००।- | ३,७७,५००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |
| २०७७ | ३,७५,०००।- | ५,५५,०००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७८ | ५,५५,०००।- | ६,०१,५००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |
| २०७९ | ६,०१,५००।- | ८,०१,०००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |
| २०८० | ८,०१,०००।- | ८,०१,५००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |
| २०८१ | ८,०२,८००।- | ८,०२,८००।- | क्या. ६००० र डा. ३००० | ६०।- | ३५०।- |

**(ख) वार्षिक प्रतिवेदन**

यस विभागले विगतदेखि वार्षिक प्रतिवेदन नियमितरुपमा आर्थिक बर्ष व्यतित भएको प्रथम चौमासिकभित्रै प्रकाशन गर्ने कार्य गर्दै आइरहेको छ। यस बार्षिक प्रतिवेदन प्रकाशनको उद्देश्ले विभागको इतिहास, बर्तमान र भविष्यलाई पारदर्शी बनाउने उद्देश्य रहेको छ। बार्षिक प्रतिवेदन छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्था अन्तर्गत यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु पत्रकार, सञ्चारकर्मी, प्राज्ञ, अनुसन्धानकर्ता, विद्यार्थीलगायत सबै अध्ययनकर्ताहरुका लागि उपयोगी हुने विश्वास गरिएको छ। यसमा विभागको उद्देश्य तथा कार्यहरुको साथसाथै पत्रकार र पत्रकारितालाई व्यवसायिक, संस्थागत र अनुसन्धानमूलक कार्यका लागि प्रोत्साहित हुने अपेक्षा रहेको छ। आ.व. २०८०/८१ मा २०८० साउन १ गतेदेखि २०८१ असार मसान्तसम्ममा यस विभागबाट सम्पादित कार्यहरु र तिनको प्रगतिको साथसाथै शाखागत काम-कर्तव्यसमेत समेटेर विभागका महानिर्देशकको अध्यक्षतामा विभागको प्रकाशन तथा फोटोग्राफी शाखाले अन्य शाखाहरुसँग समन्वय गरेर सम्पादन मण्डलमार्फत् प्रकाशन गरेको छ।

**(ग) नेपाल द्वैमासिक**

नेपाल द्वैमासिक सूचना तथा प्रसारण विभागबाट प्रत्येक दुई-दुई महिनाको अन्तरालमा प्रकाशन हुने पत्रिका हो। यो पत्रिका प्रकाशनको ५४औं वर्षमा प्रवेश गरिसकेको छ। राजा महेन्द्रको ५१औं जन्मोत्सवको अवसर पारेर वि.सं. २०२७ जेठ ३० गते यस पत्रिकाको पहिलो अंक प्रकाशन भएको हो। शुरुमा यस पत्रिकालाई वर्षको तीन पटक वैशाख १ गते, भदौ १ गते र पुस १ गते प्रकाशन गर्ने उद्देश्य लिइएको थियो। नेपाल द्वैमासिक प्रकाशन गर्नुको उद्देश्य नेपाललाई बढी चिनाउनु थियो। यो पत्रिकाको शुरुका अंकहरुमा अंग्रेजी लेखकहरुको बाहुल्यता थियो। हाल नेपाल द्वैमासिक पत्रिकामा नीतिगत/कानुनी, प्रशासनिक, आर्थिक, सामाजिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक, भाषा, साहित्य, कलाकारिता जगतलगायत विविध क्षेत्रसँग सम्बन्धित लेख-रचनाहरू समावेश हुँदै आएका छन्। यस पत्रिकामा सरकारका निर्णय, नीति र सूचना प्रकाशन गर्ने उद्देश्य रहेको छ।

नेपाल द्वैमासिक पत्रिका प्रकाशनको लागि विभागका महानिर्देशकको अध्यक्षतामा विभागको प्रकाशन तथा फोटोग्राफी शाखाले अन्य शाखाहरुसँग समन्वय गरी सम्पादन मण्डल गठन गर्दछ। उक्त सम्पादन-मण्डलमा नेपाल द्वैमासिक पत्रिकासँग सम्बन्धित विज्ञ व्यक्तिको पनि सहभागिता हुन्छ। सम्पादन-मण्डलले संकलन गरेका लेखरचनाहरु छनौट तथा सम्पादन गर्ने सम्पूर्ण अधिकार सूचना तथा प्रसारण विभागमा निहित हुन्छ।

नेपाल द्वैमासिक पत्रिका प्रकाशनको लागि आवश्यक सामग्री

क) हरेक दुई महिनाका महत्वपूर्ण समसामयकि घटनाक्रमहरुको आधिकारिक तथ्यगत विवरण।

ख) हरेक दुई महिनाका महत्वपूर्ण औपचारिक कार्यक्रमहरुसँग सम्वद्ध तस्बिरहरु।

ग) हरेक दुई महिनाका अवधिमा भएका नेपाल सरकारका महत्वपूर्ण एवं विषयगत नीतिहरु ।

घ) हरेक दुई महिनाको अवधिमा सूचना तथा प्रसारण विभागले गरेका महत्वपूर्ण कार्य एवं निर्णयहरु ।

ङ) संकलित लेख रचनाहरुमध्ये उत्कृष्ठ ठहरिएका लेख रचनाहरु ।

(घ) **नेपाल परिचय**

यस सूचना तथा प्रसारण विभागले विगतदेखि नियमितरुपमा प्रत्येक आ.व. को तेश्रो चौमासिकमा नेपाल परिचय नामक पुस्तकको प्रकाशन गर्ने कार्य गर्दै आइरहेको छ। प्रत्येक वर्ष यस पुस्तकलाई समसामयिकरुपमा परिमार्जन र संशोधन गर्ने गरिन्छ। यो प्रकाशनको बाह्रौँ संस्करणमा प्रकाशित भइसकेको छ। यस पुस्तक प्रकाशनले नेपालको इतिहास, वर्तमान र भविष्यलाई पारदर्शी बनाउने उद्देश्य राखेको छ। यस पुस्तकमा समावेश भएका विषयवस्तुहरु नेपालको भौगोलिक अवस्था, शासन प्रणाली, राजनैतिक र संवैधानिक विकास एवं विभिन्न जाति, भाषा, संस्कार, संस्कृतिलाई समेटिएको हुनाले जिज्ञासु सबै नागरिकहरुका लागि पठनीय हुने अपेक्षा गरिएको छ। राज्यका सम्पूर्ण विषयवस्तुको बारेमा सही सूचना र जानकारी आम नेपाली नागरिकबीच पुर्‍याउनु आवश्यक हुन्छ भन्ने कुरालाई मध्यनजर गर्दै यो नेपाल परिचय पुस्तकले नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र हिमालदेखि तराईसम्म तथा सातै प्रदेशसँग सम्बन्धित महत्वपूर्ण विषयहरुलाई संक्षिप्तरुपमा समेटेर बनाइएको छ। नेपाली र नेपालको सम्बन्धमा जानकारी राख्न चाहने स्वदेशी एवं विदेशीलाई समेत नेपालको भौगोलिक, ऐतिहासिक, प्रशासनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पत्रकारिता, भाषा, साहित्य र कला, जनसंख्या एवं विकासमूलक सूचनाहरु प्रवाह गरी नेपाललाई चिनाउने उद्देश्य समेत रहेको यस पुस्तकको प्रकाशन अति नै महत्वपूर्ण रहेको छ।

यस पुस्तक प्रकाशनको लागि यस विभागका महानिर्देशकको अध्यक्षतामा प्रकाशन तथा फोटोग्राफी शाखाले अन्य शाखाहरुसँग समन्वय गरेर सम्पादन मण्डल गठन गर्दछ। उक्त सम्पादन मण्डलले नै बैठकहरू मार्फत् प्रकाशनसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्दछ।

(ङ) **आ.व. २०८०/८१ का प्रकाशनहरू :**

सूचना तथा प्रसारण विभागबाट यस अवधिमा देहायका प्रकाशनहरू सम्पन्न भएका छन् :-

| क्र.सं. | प्रकाशन | विशेषता |
|---|---|---|
| १ | सूचना तथा प्रसारण विभागको वार्षिक प्रतिवेदन, २०८०/८१ | सूचना विभागको आ.व. २०८०/८१ मा सम्पादित कार्य र आगामी कार्यक्रमहरूको विवरण |
| २ | नेपाल परिचय | परिमार्जनसहित पुनः मुद्रण |
| ३ | वि.सं. २०८१ को क्यालेण्डर | नेपालको आधिकारिक क्यालेण्डर |
| ४ | शुभकामना डायरी, २०८१ | नेपाली कागजमा प्रकाशित |
| ५ | नेपाल द्वैमासिक पत्रिका | साहित्य, दर्शन, कला, संस्कृति, सम्पदा, प्रशासन, व्यवस्थापन, नेपाल सरकार तथा सञ्चारसँग सम्बन्धित नीति, ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरु, इन्जिनियरिङ, इतिहास आदिसँग सम्बन्धित जानकारीमूलक एवं मौलिक लेखहरुको संगालोको रुपमा प्रकाशन हुने |

हाल सम्म सूचना तथा प्रसारण विभागका प्रकाशनहरू निःशुल्क रूपमै वितरण गर्ने गरिएको छ। प्रकाशित सामग्रीहरू विभिन्न संवैधानिक निकाय, मन्त्रालय, आयोग, विभाग, पुस्तकालय तथा माग गरी पठाउने संघ संस्थाहरूलाई वितरण गर्ने गरिएको छ। सर्वसाधारण नागरिकहरूले समेत विभागमै आएर त्यस्ता सामग्रीहरू लिन सक्ने (उपलब्ध भएसम्म) व्यवस्था छ। नेपाल परिचयको हकमा विगत तीन वर्षदेखि बजारमा समेत विक्रीका लागि उपलब्ध हुँदै आएको छ।

**२.१० पत्रकार क्षमता विकाससम्बन्धी कार्य**

विश्वसनीय एवं स्तरीय समाचार सूचना प्रवाहका लागि पत्रकारको योग्यता, क्षमता र सीपको महत्वपूर्ण भूमिका रहने र सूचनामाथिको पहुँचको पनि उत्तिकै महत्व हुने भएकोले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ३४(ग) मा सरकार र सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारको व्यावसायिक दक्षता, क्षमता र सीप विकासका लागि अध्ययन अनुसन्धान गर्ने र तालिमको व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ। सोही व्यवस्थाअनुरुप पत्रकारका क्षमता विकाससम्बन्धी तालिम, खासगरी पत्रकारिता पेसामा आबद्ध व्यक्तिहरूका लागि, आवश्यकता अनुसार एकै पटक एक वा सोभन्दा बढी जिल्लाका पत्रकारहरू संलग्न गराई नियमित रूपमा सञ्चालन गरिँदै आएको छ। विभाग आफैले वा सार्वजनिक-निजी साझेदारीअनुरूप नियमानुसार तालिम प्रदान गर्ने विज्ञ समूह निर्माण गरी वा निजी क्षेत्र छनोट गरी पाठ्यक्रम तयार पारी छापा एवं विद्युतीय सञ्चार माध्यमका लागि उपयुक्त हुने तालिम प्रदान गर्दै आएको छ।

**(क) दुर्गम क्षेत्रमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम**

दुर्गम क्षेत्रमा क्रियाशिल पत्रकारहरूले सो क्षेत्रसँग सम्बन्धित रहेर समाचार संकलनका क्रममा भोगेका समस्या र पत्रकारिताको विकास र सुदृढीकरणसम्बन्धी विषयको पाठ्यक्रममा आधारित रही त्यस्ता क्षेत्रमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम आ.व. २०७४/७५ देखि थालनी गरिएको हो। दुर्गम क्षेत्रमा रहेर पेसागत रुपमा मात्र पत्रकारिता गर्दै आएका पत्रकारहरूलाई बढ्दो प्रविधि विकासको संघारमा रहेको पत्रकारिता क्षेत्रलाई कसरी आत्मसात् गराउने भन्ने विषयमा केन्द्रित रही प्रशिक्षण प्रदान गरिँदै आएको छ।

**(ख) प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र वितरण घुम्तिशिविर कार्यक्रम**

"सरकारको सेवा सेवाग्राहीको घरदैलोमा" भन्ने नीतिबमोजिम विभागले देशका विभिन्न क्षेत्रमा पुगी कार्यक्रमस्थलमै सञ्चार प्रतिष्ठानको दरबन्दी विवरण संकलन गरी प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचय-पत्र वितरण र नवीकरण गर्दै आएको छ। अनलाइन दर्ता तथा नवीकरण, पत्रपत्रिका अस्थायी/स्थायी दर्ता सिफारिस, सञ्चारगृहको अध्यक्ष, प्रकाशक, प्रबन्ध निर्देशक, निर्देशकहरूलाई परिचयपत्र प्रदान गर्ने कार्यसमेत घुम्तिशिविर कार्यमार्फत् गर्ने गरिएको छ।

**(ग) पत्रकार दुर्घटना बीमासम्बन्धी कार्य**

पत्रकारहरूको सुरक्षालाई मध्यनजर गर्दै पत्रकार दुर्घटना व्यवस्थापन निर्देशिका, २०७० बमोजिम सूचना तथा प्रसारण विभागबाट आ.व. २०७२/७३ देखि पत्रकारहरूको दुर्घटना बीमा गरिँदै आएको छ। विभागले बोलपत्रको माध्यमबाट बीमा कम्पनीको छनौट तथा सम्झौता गरी पत्रकारहरूको एक वर्षको लागि दुर्घटना बीमा गराउँदछ। बीमा कम्पनीले पेस गरी विभागबाट स्वीकृत भएको बीमा शुल्कमध्ये ५० प्रतिशतका दरले हुन आउने रकम विभाग आफैले र बाँकी ५० प्रतिशत रकम नेपाल पत्रकार महासंघमार्फत् प्राप्त गरी छनोट भएको बीमा कम्पनीसँग दुर्घटना बीमा गरिन्छ। यस अवधिमा पत्रकारहरू दुर्घटनामा परेमा जारी भएको

बीमालेख अनुसार बीमा कम्पनीले क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ।

**(घ) अनलाइन सञ्चारमाध्यम दर्तासम्बन्धी कार्य**

अनलाइन सञ्चारमाध्यम सञ्चालनको लागि मिति २०७३ चैत्र ७ मा सूचना तथा प्रसारण विभागबाट निर्देशिका जारी भई उक्त निर्देशिका बमोजिम विभागले अनलाइन सञ्चारमाध्यम दर्ता गर्दै आएको छ। अनलाइन सञ्चारमाध्यमहरूले श्रमजीवी पत्रकार तथा कर्मचारीहरूको दरबन्दी विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारको विवरण प्रत्येक वर्षको असार महिनाभित्र पठाउनुपर्छ। साथै, घरेलु कार्यालय/कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी प्रा.लि. दर्ता प्रमाणपत्रको प्रतिलिपि, सो नामको कम्पनी दर्ता गर्दा स्वीकृत प्रबन्धपत्र र विनियमावलीको प्रतिलिपि, पत्रिकाको हकमा पत्रिका दर्ता प्रमाणपत्र तथा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त स्वीकृतिपत्र, संस्थाका सञ्चालकले अनलाइन सञ्चारमाध्यमबाट सञ्चार सामग्री प्रसारण गर्ने निर्णय गरेको माइन्युटको प्रतिलिपि, माइन्युटमा अनलाइन सञ्चालन गर्ने, सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने तथा सम्पादक नियुक्तिको निर्णय हुनुपर्ने, अनलाइन सञ्चारमाध्यमबाट सञ्चार सामग्री प्रकाशन तथा प्रसारण गर्नको लागि अनलाइन सञ्चालन गर्न विभागमा दर्ता गर्ने सञ्चालक र सम्पादकको छनौट गरेको संस्थाको निर्णयको प्रतिलिपि, अनलाइन पत्रकारितासम्बन्धी कारोबार उल्लेख भएको मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालय/घरेलु कार्यालयबाट कम्पनी अद्यावधिक गरेको पत्र, वेबसाइट डोमेन दर्ताको नवीकरण गरेको प्रमाणको प्रतिलिपि, अनलाइनमा राखिएको एउटा सामग्रीको प्रतिलिपि, प्रेस काउन्सिल नेपालमा सूचीकरण भएको प्रतिलिपि समेत विभागमा पेस गर्नुपर्नेछ। विभागमा दर्ता भएको अनलाइन सञ्चारमाध्यमसम्बन्धी प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्म दर्ता एवं नवीकरण भएकोले पौष मसान्तभित्र तोकिएको विवरणसहित अनलाइन सञ्चारमाध्यम नवीकरण गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ।

**(ङ) रेडियो लाइसेन्स सम्बन्धी कार्य**

रेडियो यन्त्र राख्ने, बनाउने तथा प्रयोग गर्ने सम्बन्धमा रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार लाइसेन्स नियमावली, २०४९ बमोजिम रेडियो लाइसेन्ससम्बन्धी कार्य गरिँदै आएको छ।

**(च) प्रसारण अनुमतिसम्बन्धी कार्य**

राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण इजाजतपत्र/अनुमतिपत्र जारी, नवीकरण तथा नियमन गर्ने कार्य गरिँदै आएको छ।

## २.११ पत्रकार अभिलेखसम्बन्धी कार्य

छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ को अनुसूची-९ र १० मा उल्लेखित विवरणसहितको फाराम भरी दरखास्त दिएका निवेदकको लागि कानुनी प्रक्रिया पूरा भए नभएको सम्बन्धमा निर्णय गरी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था रहेको छ। प्रेस प्रतिनिधि प्रमाणपत्र दिने निर्णय भएका पत्रकारहरूको अभिलेख विवरण यसप्रकार राख्ने गरिएको छ :-

(१) हस्तलिखित अभिलेख : सम्पादक, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको प्रमाण-पत्र नम्बर, किसिम, सञ्चार प्रतिष्ठानको नाम, समाचार सङ्कलन कार्यक्षेत्र, प्रमाणपत्रको अवधि, नवीकरणको अवस्था,

संस्था परिवर्तन समेतका विवरणहरू खुलेको प्रेस प्रतिनिधि प्रमाणपत्रको म्यानुअल अभिलेख राख्ने व्यवस्था गरिएको छ।

(२) कम्प्युटर अभिलेख : पत्रकारको सम्पूर्ण विवरण खुल्ने गरी तयार गरिएको पत्रकार अभिलेख फाराम भर्ने र त्यसमा उल्लेखित विवरण कम्प्युटरमा प्रविष्ट गर्ने व्यवस्था रहेको छ। उक्त फाराममा पत्रकारको नाम, पिता वा पतिको नाम, लिङ्ग, जन्म मिति, रक्त समूह, नागरिकता नम्बर र जारी गर्ने जिल्ला, धर्म, जात, सामाजिक समूह, स्थायी ठेगाना, अस्थायी ठेगाना, प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी विवरण, शैक्षिक योग्यतासम्बन्धी विवरणहरू पत्रकार स्वयंले अनलाइनबाट भर्ने र सोही आधारमा पत्रकार परिचयपत्र जारी गरिने व्यवस्था आ.व. २०७८/७९ देखि हुँदै आएको छ।

(३) पत्रकारलाई प्रेस प्रतिनिधि प्रमाणपत्र (रातो कार्ड) र प्रेस प्रतिनिधी प्रमाणपत्र छुट्टा-छुट्टै रूपमा उपलब्ध गराइने व्यवस्था मिलाई सोको अभिलेख म्यानुअल तथा कम्प्युटरीकृत ढाँचामा राख्ने व्यवस्था मिलाइएको छ। यसबाट पत्रकारसम्बन्धी विविध सूचना प्राप्त गर्न सकिने छ।

(४) पत्रकार एवं पत्रपत्रिकाको अभिलेख खोजेअनुसार सहजै प्राप्त हुने गरी कम्प्युटरमा अभिलेख व्यवस्थित गर्नुका साथै सूचना तथा प्रसारण विभागलाई पत्रकार किताबखानाको रूपमा विकास गर्नको लागि पत्रकार किताबखानाको सफ्टवेयर निर्माण सम्पन्न भइसकेको छ।

# परिच्छेद–३

## ३. विभागबाट दिइने सेवासम्बन्धी कार्यविधि

### ३.१ प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि वाञ्छनीय योग्यता

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ अनुसार पत्रकारको प्रमाणपत्र प्राप्त गर्न वान्छनीय योग्यता निम्नानुसार निर्धारण गरिएको छ ः

#### ३.१.१ स्वतन्त्र पत्रकारको प्रमाणपत्र

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट पत्रकारितासम्बन्धी विषयमा स्नातक परीक्षा उत्तीर्ण भई दश वर्ष वा सोभन्दा बढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको, वा

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भई पन्ध्र वर्ष वा सोभन्दा बढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको (लेख वा स्तम्भ लेखनको प्रमाण पेस गर्नुपर्ने छ र प्रेस पाससमेत संलग्न हुनुपर्नेछ)।

#### ३.१.२ सम्पादकको प्रमाणपत्र

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उत्तीर्ण भई नियमित रूपमा प्रकाशित हुने कुनै समाचार प्रदान दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा समाचार समितिमा समाचार सङ्कलन तथा सम्पादन सम्बन्धमा कम्तीमा दश वर्षसम्म काम गरेको।

#### ३.१.३ प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) समाचार सङ्कलन वा रिपोर्टिङ सम्बन्धमा कम्तीमा पाँच वर्ष काम गरेको।

**३.२ प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्रसम्बन्धी व्यवस्था**

(क) श्रमजीवी पत्रकारहरूले प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र प्राप्त गर्नको लागि देहायबमोजिम कागजात संलग्न राखी निवेदन दिएमा श्रमजीवी पत्रकारहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइनेछ :

(१) रु.१०।- को टिकट टाँसी नियमावलीको अनुसूची-१० वमोजिमको फाराममा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) हालै खिचेको पासपोर्ट साइजको चार प्रति फोटो,

(४) एसएलसी वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रहरूका प्रतिलिपिहरू,

(५) सञ्चारगृहले दिएको नियुक्तिपत्र (विभागबाट तोकिएको ढाँचा) को प्रतिलिपि; जसमा,

अ) स्थायी, अस्थायी र करार खुलेको हुनुपर्ने; स्थायी नियुक्तिपत्रमा छ महिनाको परीक्षणकाल र अस्थायी नियुक्ति वा करार भए सो अवधि खुलेको हुनुपर्ने,

आ) तोकिएको न्यूनतम पारिश्रमिक खुलेको हुनुपर्ने, तर पहिले नै स्थायी नियुक्तिपत्र पाएको कारण नियुक्तिपत्रमा पारिश्रमिक नखुलेको वा हालको न्यूनतम पारिश्रमिकअनुसार नपुग देखिनेको हकमा सिफारिस पत्रमा न्यूनतम पारिश्रमिक खुलाएको हुनुपर्ने,

इ) अवधि र न्यूनतम पारिश्रमिक खुलेको करार नियुक्ति/सम्झौतापत्रको प्रतिलिपि,

ई) स्ट्रिञ्जरको नियुक्ति भए प्रति समाचार न्यूनतम पारिश्रमिक खुलेको नियुक्तिपत्रको प्रतिलिपि,

(६) प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइदिन विभागमा गरिएको नियमावलीको अनुसूची-९ बमोजिम सिफारिसपत्र,

(७) पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्कको एक प्रति,

(८) सञ्चारमाध्यमहरूले आफ्नो सञ्चारगृहको स्वीकृत दरबन्दीअनुसार श्रमजीवी पत्रकार तथा कर्मचारीहरूको तहगत विवरणसमेत खुलाई पठाएको श्रमजीवी विवरणमा निवेदकको नाम उल्लेख भएको हुनुपर्ने ।

(ख) सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र जारीसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(१) सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्नको लागि शैक्षिक योग्यता नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) पत्रिका दर्ता प्रमाणपत्रमा सम्पादकको नाम उल्लेख भएको र सोहीबमोजिम पत्रिका प्रकाशित भइरहेको हुनुपर्नेछ ।

(३) एकै व्यक्ति प्रकाशक र सम्पादक रहेको अवस्थामा समेत प्रकाशकको हैसियतमा सम्पादकलाई नियुक्ति गरेको पत्र पेस गर्नुपर्नेछ ।

(४) सम्पादकको हैसियतमा अनलाइनबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्नको लागि अनलाइन सञ्चालकले सम्पादक तोकेको निर्णयको प्रतिलिपि, जुनसुकै बखत देखिने गरी अनलाइन प्रकाशनमा नियमित प्रसारण प्रर्दशन र अनलाइन दर्ता प्रमाणपत्रमा सम्पादकको नाम उल्लेखित भएको हुनुपर्नेछ।

(५) पत्रपत्रिकाको हकमा हालै प्रकाशित भएको पत्रिकाको एक अङ्क सक्कल प्रति पेश गर्नुपर्नेछ।

(ग) प्रेस प्रतिनिधि प्रमाणपत्रको म्याद समाप्त भएको श्रमजीवी पत्रकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गर्न देहायबमोजिम कागजातसाथ निवेदन प्राप्त भएमा नवीकरण गरिनेछ :

(१) रु. १०।- को टिकट टाँसी तोकिएको ढाँचाको निवेदन,

(२) सञ्चारगृहले दिएको नियुक्तिपत्रको प्रतिलिपि,

(३) प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गरिदिन सूचना तथा प्रसारण विभागमा गरिएको सिफारिसपत्र,

(४) पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्कको एक सक्कल प्रति,

(५) नियमावलीमा व्यवस्था भएबमोजिम दस्तुर बुझाउनुपर्नेछ।

(घ) संस्था परिवर्तन गर्न इच्छुक श्रमजीवी पत्रकारले देहायबमोजिम कागजातसहित निवेदन दिएमा संस्था परिवर्तन गरिदिइनेछ :

(१) रु. १०।- को टिकट टाँस गरी संस्था परिवर्तन गर्न दिएको निवेदन,

(२) सञ्चारगृहले दिएको बुँदा ३.५ बमोजिमको नियुक्तिपत्रको प्रतिलिपि,

(३) संस्था परिवर्तन गरिदिन सञ्चारगृहले दिएको सिफारिसपत्र,

(४) पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्कको एक सक्कल प्रति,

(५) नियमावलीमा व्यवस्था भएबमोजिम रु. १००।- दस्तुर बुझाउनु पर्नेछ।

(ङ) म्याद समाप्त भएको चार महिना पाँच दिनपछिको असार मसान्तसम्ममा नवीकरण हुन नसकेको प्रेस प्रतिनिधि प्रमाणपत्र स्वतः खारेज हुनेछ। त्यस्ता श्रमजीवी पत्रकारहरूले देहायका कागजातसहित निवेदन दिएमा साविकको प्रेस प्रतिनिधि प्रमाणपत्र नम्बर समेत उल्लेख गरी नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइनेछ :

(१) रु.१०।- को टिकट टाँसी नियमावलीको अनुसूची-१० बमोजिमको फाराममा निवेदन,

(२) हालै खिचेको पासपोर्ट साइजको चार प्रति फोटो,

(३) सञ्चारगृहले दिएको बुँदा ३.५ बमोजिमको नियुक्तिपत्रको प्रतिलिपि,

(४) प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइदिन सञ्चारगृहले सूचना तथा प्रसारण विभागमा गरिदिएको सिफारिसपत्र,

(५) पत्रपत्रिकाको हालै प्रकाशित अङ्कको एक सक्कल प्रति,

(६) नियमावलीमा व्यवस्था भए बमोजिम रु. ३००।- दस्तुर बुझउनु पर्नेछ।

(च) स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्त गर्नको लागि देहायको व्यहोरा खुलाई निम्न कागजातसहित निवेदन दिनुपर्नेछ :

(१) रु.१०।- को टिकट टाँसी तोकिएको अनुसूची फारममा निवेदन र व्यक्तिगत विवरण,

(२) हालै खिचेको पासपोर्ट साइजको फोटो तीन प्रति,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(४) पत्रकारिता पेसामा आबद्ध रहेकाको हकमा मिडियाको नाम, कार्यरत रहँदाको पद, सम्पादन गरेको काम र अवधि खुलेको विवरण,

(५) एसएलसीदेखि स्नातक तहसम्मको शैक्षिक योग्यताको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू,

(६) विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको भए सोको शुरुदेखिको प्रतिलिपि,

(७) पत्रकारिता पेसा अपनाई आफूले राष्ट्र, समाज र पत्रकारिताजगतमा पुऱ्याएको योगदान बारे ३०० (तीनसय) शब्दमा नघटाई लेखिएको मौलिक लेख,

(८) पत्रकारिता विषय लिई स्नातक तह उत्तीर्ण गरेको भए दश वर्ष र सोबाहेक अन्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको भए पन्ध्र वर्षसम्म पत्रपत्रिकामा पत्रकारको नामसहितको (बाइलाइन) समाचार प्रकाशन, सम्पादन वा स्तम्भ लेखनको काम गरेकोमा प्रत्येक वर्षको पत्रिकामा प्रकाशित छ वटा अंक प्रकाशनको सक्कलप्रति वा आफूले सम्पादन गरेको पत्रिकाको प्रत्येक वर्षको छ अङ्क सक्कल प्रति,

(९) निवेदकले समाचार सङ्कलन तथा सम्पादनको काम गरी टेलिभिजन च्यानल, एफएम रेडियोमा प्रसारण भइसकेको भन्ने सम्बन्धित सञ्चारगृहले अवधि उल्लेख गरी गरेको सिफारिस पत्र र प्रसारण भएको कम्तीमा वर्षका ६ वटा फुटेज, क्लिप्स आदि वा अनलाइनमा प्रकाशित भइसकेका समाचारहरू,

(१०) नियमावलीमा व्यवस्था भएबमोजिम रु. ६००।- को दस्तुर बुझउनु पर्नेछ।

(छ) स्वतन्त्र पत्रकारको परिचयपत्र नवीकरणसम्बन्धी व्यवस्था

स्वतन्त्र पत्रकारको परिचयपत्र नवीकरण गर्दा परिचयपत्र प्राप्त पत्रकारले रु. १०।- को टिकट टाँसी तोकिएको अनुसूची फारमका साथमा गत एक वर्षभित्र आफूबाट प्रकाशित र प्रसारित तीनवटा समाचार, स्तम्भ लेखन आदि संलग्न गरी निवेदन दिनुपर्नेछ।

(ज) प्रेस प्रतिनिधि प्रमाणपत्रको दस्तुर

छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ र प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ अनुसार यस विभागबाट देहायको सेवा प्राप्त गर्न देहायबमोजिम दस्तुर लाग्नेछ :-

(१) प्रेस प्रतिनिधि प्रमाणपत्र लिन लाग्ने दस्तुर -

अ) नेपाली नागरिकको लागि रु. ३००/-

आ) विदेशी नागरिकको लागि रु. १,५००/-

इ) अस्थायी प्रेस प्रतिनिधि प्रमाण पत्रको लागि रु. ९००/-

(२) सञ्चार प्रतिष्ठानको अध्यक्ष/प्रकाशकको परिचयपत्रको लागि रु. १,०००/-

(३) प्रबन्ध निर्देशक वा व्यवस्थापकको परिचयपत्रको लागि रु. ९००/-

(४) स्वतन्त्र पत्रकारको लागि रु. ६००/-

(५) संस्था परिवर्तनको लागि रु. १००/-

(६) पत्रकारिता अनुभव प्रमाणित गर्न, सिफारिस लिन र संस्था परिवर्तन गर्न रु. १००/-

(७) प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त विदेशी नागरिकको परिवारका आठ वर्ष नाघेका इच्छुक सदस्यलाई गैरपर्यटक भिसा सिफारिस दस्तुर प्रति व्यक्ति रु. ५००/-

(८) प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि (रातो) रु. २००/-

(९) पत्रकार परिचयपत्रको प्रतिलिपि रु. ५०/-

आवश्यक कागजपत्र पुऱ्याई प्रेस प्रतिनिधि प्रमाणपत्र लिन दिइएको निवेदनका सम्बन्धमा निवेदन दिएको एक दिनभित्र त्यस्तो प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था सूचना तथा प्रसारण विभागबाट मिलाइएको छ। प्रमाणपत्र लिन निवेदन दिने, प्राप्ति गर्ने आदिसम्बन्धी सूचना तथा प्रसारण विभागको नागरिक बडापत्रमा सूचना प्रकाशित गरिएको छ। प्रेस प्रतिनिधि प्रमाणपत्रको अभिलेख पूर्ण एवं व्यवस्थित बनाउन आ.व. २०६८/६९ देखि सफ्टवेयर बनाई कार्यान्वयनमा ल्याइएको छ।

### ३.३ प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी विशेष व्यवस्था

(क) विदेशी पत्रकारले भिसाको म्याद समाप्त हुन दश दिन बाँकी रहँदा मात्र भिसा सिफारिसको लागि विभागमा निवेदन दिनुपर्नेछ। निवेदनसाथ आफ्नो प्रगति विवरण पेस गर्नुपर्नेछ।

(ख) अफगानिस्तान, इथियोपिया, क्यामरुन, घाना, लाइबेरिया, सोमालिया, प्यालेस्टाइन, इराक, नाइजेरिया, स्वाजील्याण्ड र जिम्बाबेका पत्रकारहरूले नेपालमा समाचार सङ्कलन, प्रशोधन एवं सम्प्रेषण गर्न आउनुपूर्व आ-आफ्नै देशबाट नेपालको भिसा प्राप्त गरेपछि मात्र नेपाल आउनुपर्ने व्यवस्था रहेको छ।

(ग) विदेशी पत्रपत्रिका तथा समाचार समितिमा काम गर्नको लागि सूचना तथा सञ्चार मन्त्रालयबाट सिफारिस प्राप्त विदेशी प्रतिनिधिहरू र तिनका परिवारलाई गैरपर्यटक भिसा दिन सकिने व्यवस्था अध्यागमन नियमावली, २०५१ को दफा ८(ग) मा गरिएको छ। त्यस्ता पत्रकारहरूबाट आफ्नो भिसा अवधिमा गरेका सम्पूर्ण कार्यहरूको चौमासिक विवरणसहितको निवेदन पेस गरेपछि मात्र सूचना तथा प्रसारण विभागले गैरपर्यटक भिसाको लागि सिफारिस गर्नेछ।

**३.४ सञ्चारगृहका अध्यक्ष, पत्रिकाका प्रकाशक एवं व्यवस्थापकको परिचयपत्र जारी गर्नेसम्बन्धी व्यवस्था**

क) सञ्चालनमा रहेका टेलिभिजन तथा एफएम रेडियोहरूका अध्यक्षको हैसियतले परिचयपत्र प्राप्त गर्दा निवेदकले देहायबमोजिम कागजातहरू पेस गर्नुपर्नेछ :-

(१) रु. १०।- को टिकट टाँस गरी नियमावलीको अनुसूची-३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने अनुसूची-९ बमोजिमको फारम,

(२) हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(४) निज अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि,

(५) सञ्चारगृहले परिचयपत्र उपलब्ध गराइदिन सूचना तथा प्रसारण विभागमा गरिएको सिफारिस।

ख) प्रबन्ध निर्देशक वा व्यवस्थापकमध्ये एकजनालाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्थाः- सञ्चालनमा रहेका टेलिभिजन तथा एफएम रेडियोहरूबाट प्रबन्ध निर्देशक वा व्यवस्थापकको हैसियतमा परिचयपत्र प्राप्त गर्न देहायबमोजिम कागजात पेस गर्नुपर्ने छ :-

(१) रु. १०।- को टिकट टाँस गरी नियमावलीको अनुसूची-३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची-९ बमोजिमको फारम,

(२) हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(४) प्रबन्ध निर्देशक वा व्यवस्थापक पदमा टेलिभिजन तथा एफएम रेडियोहरूबाट प्राप्त नियुक्ति पत्रको प्रतिलिपि,

(५) परिचयपत्र उपलब्ध गराइदिन टेलिभिजन वा रेडियोले विभागमा गरेको सिफारिस।

ग) स्थायी दर्ता भई नियमित रूपमा सञ्चालनमा रहेको छापामाध्यमका देहायका पदाधिकारीहरूलाई निजहरू संलग्न मिडियामा कार्यरत पदको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ :-

(१) सञ्चालक समिति वा बोर्डको अध्यक्षलाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था : नियमित प्रकाशनमा रहेको पत्रिकाका सञ्चालक समिति वा बोर्डको अध्यक्षबाट देहायबमोजिमको कागजातसहित निवेदन पेस हुन आएमा अध्यक्षको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ :

- रु १०।- को टिकट टाँस गरी नियमावलीको अनुसूची-३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची-९ बमोजिमको फारम,
- हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि,
- सञ्चारगृहले परिचयपत्र उपलब्ध गराइदिन सूचना तथा प्रसारण विभागमा गरेको सिफारिस ।

(२) प्रकाशक एकजनालाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था ः

नियमित प्रकाशनमा रहेको पत्रिकाको स्थायी दर्ता प्रमाणपत्रमा उल्लेखित प्रकाशक एकजनाले प्रकाशकको हैसियतमा परिचयपत्र लिन चाहेमा देहायबमोजिम कागजात पेस गर्नुपर्ने छ ः

- रु. १०।- को टिकट टाँस गरी नियमावलीको अनुसूची-३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची-९ बमोजिमको फारम,
- हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- प्रकाशकमा निजको नाम उल्लेख भएको, नियमित प्रकाशनमा रहेको पत्रिकाको स्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- पत्रिकाबाट परिचयपत्र उपलब्ध गराइदिन विभागमा गरिएको सिफारिस ।

### ३.५ अनलाइन दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाहरू

अनलाइन सञ्चारमाध्यम मार्फत् अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनलाइन दर्ताको लागि निवेदन दिँदा देहायका कागजात संलग्न गर्नुपर्ने छ ः

(क) रीतपुर्वक भरिएको अनुसूची फाराम, तीन प्रति अटो/पासपोर्ट साइजको सञ्चालकको फोटो,

(ख) सूचना तथा प्रसारण विभागलाई सम्बोधन गरी अनलाइन दर्ता गरिदिनुहुन भन्ने विषयको निवेदन,

(ग) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि, पत्रिकाको हकमा पत्रिका स्थायी दर्ता प्रमाणपत्र र जिल्ला प्रशासन कार्यालयबाट अनलाइन सञ्चालन गर्न स्विकृति दिएको पत्र,

(घ) संस्थाका सञ्चालकहरूको नागरिकताको प्रतिलिपि तथा संचालकहरूमध्येबाट एकजनालाई अनलाइनको सञ्चालक तोकिएको हुनुपर्ने,

(ङ) संस्थाका सञ्चालकले अनलाइन सञ्चारमाध्यमबाट सञ्चार सामग्री प्रसारण तथा प्रसारण गर्ने निर्णय गरेको माइन्युटको प्रतिलिपि; माइन्युटमा अनलाइन सञ्चालन गर्ने, सूचना तथा प्रसारण

विभागमा दर्ता गर्ने तथा सम्पादक नियुक्तिको निणर्य हुनुपर्ने,

(च) मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) वेबसाइट डोमेन दर्ता वा नवीकरण गरेको प्रमाणको प्रतिलिपि, पब्लिक डोमेन डिटेल (whois.com लगायतका साइटबाट हेर्न सकिने) मा सञ्चालकको नाम, संस्थाको नाम/पत्रिकाको नाम तथा अन्य विवरण प्रष्ट रुपमा देखिएको प्रमाणको प्रतिलिपि,

(ज) सम्पादकको नेपाली नागरिकताको प्रतिलिपि, स्नातक उत्तीर्ण गरेको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि अथवा सूचना तथा प्रसारण विभागबाट सम्पादक भनी प्रमाणित गरेको प्रमाणको प्रतिलिपि,

(झ) प्रेस काउन्सिलमा सुचीकरण भएको प्रमाणको प्रतिलिपि,

(ञ) सक्कल बमोजिम नक्कल ठिक छ भनी सम्पूर्ण नक्कल कागजातहरू स्वयं प्रमाणित गरेको हुनुपर्ने ।

(ट) कम्पनी राजिष्ट्रारको कार्यालयले दिएको कम्पनी अध्यावधिक भएको पत्र ।

(ठ) दरबन्दी तथा श्रमजीवी विवरण ।

# परिच्छेद–४

## ४. वार्षिक कार्यक्रम तथा प्रगति विवरण

### ४.१ वार्षिक विनियोजन खर्च

| बजेट | विनियोजित रकम (रु. लाखमा) | खर्च (रु. लाखमा) | प्रगति प्रतिशत | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय |
| चालुतर्फ | ४२२ | ३४६ | - | ८१.९९% |
| पुँजीगततर्फ | २०२ | ३०.७८ | | १५.२३ % |

### ४.२ मुख्य–मुख्य भौतिक प्रगति/उपलब्धि

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | प्रगति विवरण |
|---|---|---|
| १. | टिभी तथा एफ.एम.सम्बन्धी उपकरण अनुगमन | टिभी तथा एफ.एम.सम्बन्धी उपकरणको अनुगमन गरी सेवालाई सुचारू तथा नियमित गरिएको। |
| २. | Upgrading of BRLMS सफ्टवेयर स्तरोन्नति | राष्ट्रिय प्रसारण नियमावली (१२ औं संशोधन) मा व्यवस्था भए बमोजिमका कार्यहरू सफ्टवेयरमा अध्यावधिक गराई प्रसारणको काममा सहजता भएको। |
| ३. | दुर्गम क्षेत्र कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम | दुर्गम क्षेत्र कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम तेह्रथुम, रुकुम पश्चिम र ताप्लेजुङ जिल्लामा सम्पन्न गरिएको। |
| ४. | द्वैमासिक पत्रिका प्रकाशन | सुशासन विशेषांक, संविधान विशेषांक, आर्थिक तथा समसामयिक लेखहरू समेटिएको अंक र विभागसँग सम्बन्धित कानुनहरू गरी चारवटा द्वैमासिक पत्रिका प्रकाशित भएको। |
| ५. | नेपाल परिचय पुस्तक | नेपालको बारेमा जान्न र सिक्न चाहनेहरूका लागि विषयवस्तु समेटी तयार गरिएको बाह्रौं संस्करण प्रकाशन एवं वितरण गरिएको। |
| ६. | घुम्ती शिविर कार्यक्रम | तेह्रथुम, रुकुम पश्चिम, रुकुम पूर्व, ताप्लेजुङ र दाङ गरी पाँचवटा जिल्लामा घम्ती शिविर कार्यक्रम सम्पन्न भई ४०० जना भन्दा बढी पत्रकार लाभान्वित भएको। |
| ७. | क्यालेन्डर तथा डायरी छपाई | नेपाल सरकारको आधिकारिक क्यालेण्डर र डायरी प्रकाशन गरी नेपाल सरकारका मन्त्रालय र विभागलगायतका नियकाहरूमा वितरण गरिएको। |

| | | |
|---|---|---|
| ८. | पत्रकार दुर्घटना बीमा | सार्वजनिक सूचना प्रकाशित गरी पत्रकार दुर्घटना बीमामा सहभागी हुन आह्वान गरिएकोमा २५ पत्रकार बीममा सहभागी भएको । |
| ९. | विविधतामा एकता फोटो पुस्तक प्रकाशन | नेपालको विविध विषय समेटी तस्बिरमा नेपाल झल्कने फोटो पुस्तक प्रकाशन भएको । |
| १०. | क्षेत्रीय तथा जिल्ला हुलाक कार्यालय अनुगमन निरीक्षण | सूचना तथा प्रसारण विभागबाट हुने केही कामहरू क्षेत्रीय तथा जिल्ला हुलाक कार्यालयबाट समेत हुने हुँदा ती कार्यालयका समस्या र जटिलतालाई निरुपण गर्न अनुगमन र निरीक्षण गरी सहजीकरण गरिएको । |
| ११. | विभिन्न जिल्लाको मिडिया अनुगमन | जिल्लास्थित मिडिया संस्थामा कार्यरत पत्रकारहरूको वास्तविक अवस्था बुझी सहजीकरण गर्न मिडिया अनुगमन गरिएको । |
| १२. | प्रसारण संस्थाहरूको अनुगमन तथा प्राविधिक निरीक्षण | प्रसारण संस्थाहरूको अनुगमन तथा प्राविधिक निरीक्षण गरी त्यस्ता संस्थाहरूको सेवा प्रवाहमा निरन्तर सुधार गर्न सहजीकरण गरिएको । |

### ४.३ विभागबाट सम्पन्न अन्य कार्यसम्पादनका विवरणहरू

| क्र. सं. | कार्य विवरण | प्रगति |
|---|---|---|
| १ | प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण तथा नवीकरण | नयाँ : १५९१ |
| | | नवीकरण : ३५२३ |
| २ | अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरण | नयाँ दर्ता : ५५६ |
| | | नवीकरण : १४९२ |
| ३ | हालसम्म इजाजत पाएका एफ एम रेडियोहरु | ११९६ |
| | हालसम्म इजाजत पाएका टेलिभिजन च्यानलहरु | २४६ |
| | हालसम्म लाइसेन्स पाएका एफ एम उपकरण | १३२९ |
| | हालसम्म पाएका टेलिभिजन उपकरण लाइसेन्स | २२१ |
| | हालसम्म इजाजतपत्र पाएका केबुलहरू (साविक एनालग तथा डिजिटल केवलसहित) | ८५३ |
| | नियमित नवीकरण गराएका र सञ्चालनमा रहेका सिग्नल वितरकहरु | ९ |
| | नियमित नवीकरण गराएका र सञ्चालनमा रहेका विदेशी टेलिभिजन च्यानलहरु (डाउनलिंक च्यानलहरु) | १४३ |

| | | |
|---|---|---|
| | हालसम्मको वाकी-टकी तथा विक्री वितरण लाइसेन्स | ११५१ |
| | DTTB | ५ |
| | DTH | ३ |
| | IPTV | १७ |
| | MMDS | ३ |
| | अन्य सञ्चार माध्यम/नेटवर्कहरु माध्यमहरु | १० |
| | एमेचर सञ्चालन/रेडियो यन्त्रको लाइसेन्स | ३२८ |
| | अमेरिकी डलर सिफारिस | ६६,१९,२०४.९५ |
| | भारतीय रुपैया सिफारिस | ११,५४,६६,५८९.३५ |
| ४ | पत्रकार सम्मेलन- नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु सार्वजनिकीकरण कार्यक्रम | ४४ |
| ५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिविशिष्ट महानुभावहरूको प्रस्थान र आगमनको समयमा पत्रकार समन्वय कार्यक्रम सञ्चालन | नियमित समन्वय र व्यवस्थापन गरिएको |
| ६ | औपचारिक कार्यक्रमहरुको राष्ट्रपति, चाइना तथा बंगलादेशका राष्ट्र प्रमुखसमेतका कार्यक्रम) | ७४ |
| | अनौपचारिक कार्यक्रहरू | २६ |
| ७ | फोटो वितरण (निवेदन, इमेल, वेवसाइट आदि) | ६३१० |
| ८ | पत्रपत्रिका अस्थायी दर्ता सिफारिस | ११० |
| ९ | पत्रपत्रिका स्थायी दर्ता सिफारिस | ४१ |

## ४.४ विभागबाट गरिएको आ.व. २०८०/८१ सम्मको विभागको बेरुजु फछ्र्यौट विवरण

| विवरण | जम्मा बेरुजु रु. | फछ्र्यौटका लागि लेखी पठाइएको | फछ्र्यौट भएको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| कार्य सञ्चालनतर्फ | १९,५७,९३,२१९.९९ | ० | ० | यमित गर्नुपर्नेः रु. ७,४८,४२४.००<br>२. असुल गर्नुपर्नेः रु.१९,५९,४०,७९५.००<br>३. सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीनः रु.५,२५,०५,७७५.००<br>४. असुल भई सं.प.बाँकीः रु.१,७२,४१०.००<br>५. बेरुजु नियमित गरी लगत कट्टा गर्न श्रीमान सचिवज्यूबाट मिति २०७९/१०/१५ मा निर्णय भएकोः रु.३५,९६,९७४.०० |

### ४.५ आ.व. २०८०/८१ मा विभागको राजश्व सङ्कलन विवरण

| राजस्व शीर्षक नं. | राजस्व शीर्षक | संकलित राजस्व रु. |
|---|---|---|
| १४२२४ | परीक्षा शुल्क | ० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५,३३,८८,७५१ |
| १४२५४ | रेडियो/एफएम सञ्चालन दस्तुर | १,६८,८८,८१६ |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | १९,२३,७०,०२६ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३,३२,४१,७२३ |
| १५१११ | अन्य क्षेत्रको आय | ३०० |
| **राजस्व शीर्षक नं.** | **कूल जम्मा** | २९,५८,८९,६१७ |

### ४.६ CAS/SMS प्रणालीको स्थापना एवं सञ्चालन

टेलिभिजन सेवा प्रदायकबाट सेवाग्राहीको वास्तविक तथ्याङ्क र सेवाग्राहीबाट सेवा प्रदायकले सेवा प्रदान गरेबापतको शुल्कको वास्तविक विवरण प्राप्त गर्ने उद्देश्यले CAS/SMS Centralized Surveillance Monitoring System बनाई लागु गरिएको छ।

### ४.७ श्रमजीवी पत्रकार परिचयपत्र र अनलाइन सञ्चारमाध्यम दर्ता सम्बन्धी अनलाइन प्रणालीको स्थापना र सञ्चालनः

पत्रकारहरुको प्रेस प्रतिनिधि प्रमाणपत्र/परिचयपत्रसम्बन्धी सम्पूर्ण कार्यलाई पूर्णतया अनलाइन प्रणालीबाट जारी गरिने व्यवस्था गरिएको छ। पत्रकारले आफूले लिन चाहेको स्थानमा नै हुलाक कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसले पत्रकार परिचयपत्र वितरण र अनलाईन सञ्चारमाध्यम दर्ता प्रक्रियालाई सेवाग्राहीमुखी र सहज एवं सरल बनाएको छ।

### ४.८ वार्षिक कार्यक्रम कार्यान्वयनका सकारात्मक प्रभाव एवं उपलब्धि

(१) अनलाइन सेवाबाट दरबन्दी विवरण संकलन गर्ने कार्यले बिद्युतीय शासन प्रणालीलाई टेवा दिनुका साथै मोफसलका सञ्चार प्रतिष्ठानहरूलाई दरबन्दी विवरण पठाउन सहज भएको।

(२) पत्रपत्रिका एवं पत्रकारहरूको अभिलेख व्यवस्थित हुँदै गएको।

(३) पत्रकार आधारभूत तथा सेवाकालीन तालिम सञ्चालनबाट पत्रकारहरूको दक्षतामा अभिवृद्धि भएको।

(४) श्रमजीवी पत्रकारहरूको सेवा सुविधाको प्रत्याभूति हुँदै गएको।

(५) घुम्तीशिविर कार्यक्रम सञ्चालनबाट स्थानीयस्तरमै पत्रकारहरूले र विभागबाट प्रदान गरिने सेवाहरू स्थानीयस्तरबाट नै प्राप्त गर्ने गरेको।

(६) सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा उल्लेखित प्रावाधनबमोजिम औपचारिक रूपमा सूचना

माग्न नआए पनि नागरिकहरूले विभागको प्रकाशन र वेबसाइटमार्फत् सूचना प्राप्त गरिरहेको अवस्था ।

### ४.९ सुशासन कायम गर्न गरिएका सुधारका कार्यक्रम

– विभागको वेवसाइटमा बढिभन्दा बढी सूचना प्रवाह गर्ने र अद्यावधिक गर्ने गरिएको ।

– नागरिक वडापत्र

– सहायता कक्ष

– प्रवक्ता तथा सूचना अधिकारीको व्यवस्था

– गुनासो सुन्ने अधिकारीको व्यवस्था

– अनलाइन सेवा प्रवाह

  - पत्रकार परिचयपत्र तथा अनलाइन पत्रिका सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (IMS)
  - रेडियो, टेलिभिजन तथा वितरण प्रणाली सम्बन्धी ब्रोडकाष्टिङ तथा रेडियो लाइसेन्स व्यवस्थापन प्रणाली (BRLMS)

– अनलाइन अनुगमन

  - CAS/SMS सफ्टवेयर तथा Multiviewer Information Management System बाट वितरण प्रणालीको अनलाइन अनुगमन

– अभिलेख संरक्षण तथा सेवा प्रवाहमा प्रयोग

  - अभिलेख व्यवस्थापन प्रणाली (DMS) लाई BRLMS को सेवासँग आवद्ध गराई सेवा प्रवाहमा प्रयोग भएको ।

# परिच्छेद–५

**५. समस्या तथा समाधानका लागि गरिएका प्रयास**

**५.१ सूचना, पत्रकार एवं पत्रिका व्यवस्थापन सम्बन्धमा**

**५.१.१ सूचना व्यवस्थापनसम्बन्धी**

(१) सरकारका विभिन्न निकायमा छरिएर रहेका सूचनालाई एकीकृत रूपमा सङ्कलन, प्रशोधन तथा सम्प्रेषण गर्ने कार्य यस विभागबाट गरिँदै आए पनि सम्बन्धित निकायबाट त्यससम्बन्धी विवरण सहज रूपमा प्राप्त हुन नसकेबाट सबै प्रकारका सूचना सङ्कलन, व्यवस्थापन र उपलब्ध गराउन नसकिएको ।

(२) पत्रकारिताको क्षेत्रमा पर्याप्त अध्ययन अनुसन्धान हुन नसकेको ।

(३) सूचना व्यवस्थापनमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्न पूर्वाधार र श्रोतका कमीको कारण प्रभावकारी व्यवस्थापन हुन नसकेको ।

(४) नेपाल सरकारका सम्प्रेषणयुक्त सूचनाहरू यस विभागलाई उपलब्ध गराउन सरकारी निकायहरू बाध्य नभएकाले उदासीन रहने प्रवृत्ति रहेको ।

**५.१.२ पत्रिका अभिलेखीकरणसम्बन्धी**

(१) विभागमा अभिलेख व्यवस्थापनसम्बन्धी प्राविधिक ज्ञान भएका दक्ष जनशक्तिको अभाव हुनुका साथै समयोचित प्रविधिक सुधार समेत हुन नसक्दा पत्रिकाको अभिलेखीकरण गर्ने कार्यमा केही कमजोरी रहन गई समयमै उचित तवरले कार्यसम्पादनमा कठिनाई भएको ।

(२) पत्रपत्रिका दर्ताको क्रम दिनानुदिन बढ्दै गैरहेको भएता पनि नीतिगत व्यवस्थामा भएको त्रुटिका कारण त्यसको दिगो सञ्चालन तथा अभिलेख व्यवस्थापनमा कठिनाइ रहेको ।

(३) एकपटक पत्रिका दर्ता भएपछि दर्ता खारेजी नहुने विद्यमान कानुनी व्यवस्थाले गर्दा दर्ता संख्याको सूची लामो रहेता पनि प्रकाशनमा रहेकाको संख्या कम रहेको ।

(४) प्रकाशन वा सञ्चालनमा नरहेता पनि हुबहु उही नाममा पत्रिकाको नयाँ दर्ता गर्न नमिल्ने भएकोले प्रसिद्ध एवं आकर्षक नामको अगाडि वा पछाडि निश्चित शब्द थपी दर्ता गर्न माग हुने गरेको अवस्थामा पत्रिका नामाङ्कन एवं रेकर्ड व्यवस्थापनमा असहजता उत्पन्न भएको ।

(५) पत्रपत्रिका दर्ता गर्ने निकायहरूबाट समयमै दर्तासम्बन्धी सूचना प्राप्त हुन नसक्दा अभिलेख व्यवस्थापनमा कठिनाइ भएको ।

(६) सूचना तथा प्रसारण विभाग र स्थानीय अधिकारी (जिल्ला प्रशासन कार्यालय) बीच

नियमित सञ्चार तथा समन्वयको अभावमा पत्रिका दर्ता व्यवस्थापन र अभिलेख व्यवस्थापनमा समस्या आउने गरेको ।

(७) पत्रपत्रिकाको दर्ता जिल्ला प्रशासन कार्यालयमा हुने तर त्यसको अभिलेख सूचना तथा प्रसारण विभागमा राखिने भएका कारण अभिलेखीकरण कार्य असहज भएको ।

(८) पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्याका सम्बन्धमा ऐनमा तोकिएको भए तापनि कतिपय प्रकाशकले सोही मापदण्ड अनुसार प्रकाशित गर्ने नगरेका कारण कार्यान्वयनका पक्षमा समस्या हुने गरेको ।

(९) पत्रकार र व्यवस्थापकले पत्रकारिता कानुनसम्मत् किसिमले काम कारवाही नगर्दा उनीहरूबीच द्वन्द्व बढ्ने अवस्था सिर्जना भई विभागलाई मध्यस्थकर्ताको काम गर्न समेत कठिनाइ हुने गरेको ।

(१०) दुर्गम एवं विकासमा पछाडि परेका जिल्लाहरूमा सामान्य छापाखाना समेत उपलब्ध नभएका कारण पत्रपत्रिकाको प्रकाशन, सञ्चालन एवं वितरण सबै स्थानमा दिगो एवं समान रूपमा सञ्चालन हुन नसकेको ।

(११) छापाखाना तथा प्रकाशन ऐन, २०४८ र नियमावली, २०४९ मा पत्रपत्रिका छपाइ सम्बन्धी मापदण्ड अनुरुप आकार आदि तोकिएको भए पनि दुर्गम जिल्लाहरूमा त्यस्तो किसिमको प्रेस समेत नहुँदा नियम पालना तथा अनुमगमनमा कठिनाइ रहेको ।

### ५.१.३ प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी

(१) अधिकांश सञ्चारगृहबाट श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अनुरुपको विवरण समयमै प्राप्त हुने नगरेको ।

(२) पत्रकार भएकै कारणले राजनीतिक, सामाजिक र प्रशासनिक क्षेत्रबाट समेत महत्व दिइने भएको अन्य पेसाकर्मीसमेत पत्रकार प्रेस प्रतिनिधि प्रमाणपत्र लिन इच्छुक हुने गरेको ।

(३) न्यूनतम पारिश्रमिक पाउने गरी दिइएको नियुक्तिपत्र, पत्रकार परिचयपत्र उपलब्ध गराइदिन सम्बन्धित सञ्चार प्रतिष्ठानले गरेको सिफारिस तथा शैक्षिक योग्यता एवं नागरिकताको प्रमाणपत्र पेस गरेपछि प्रेसपास उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकामा कतिपय सञ्चार प्रतिष्ठानले पत्रकारिता नै नगरेका व्यक्तिलाई समेत सिफारिस गर्ने गरेकोले पत्रकार परिचयपत्रको गलत प्रयोग भएको गुनासो आउने गरेको ।

(४) कतिपय सञ्चार प्रतिष्ठानहरूले आ-आफ्ना प्रकाशन/प्रसारणका क्षेत्रमा संलग्न पत्रकारहरूका लागि प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था नगरिकन नै काम लगाउने गरेको गुनासो आउने गरेको पाइन्छ । नियुक्तिपत्र नदिने, प्रेस प्रतिनिधि प्रमाणपत्र नदिलाउने र सोही सञ्चारगृहको परिचयपत्रको आधारमा काम लगाउने तथा पत्रकारले पनि प्रेस पास नलिइकन काम गर्ने गरेका कारण श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ कार्यान्वयन गर्न र पत्रकारको पेसागत हक हितको सुरक्षा गर्न कठिनाइ भएको ।

(५) प्रेस प्रतिनिधि प्रमाणपत्र लिन पत्रकार स्वयं उपस्थित हुन र संस्थागत रूपमा नै लैजान चाहने प्रवृतिसमेत रहेको हुँदा समस्या सिर्जना भएको ।

(६) योग्यताको प्रमाणपत्र नभएकाको हकमा सम्पादक हुनका लागि अनुभव प्रमाणित गर्ने कार्यक्षेत्र विभागको भएता पनि कतिपय जिल्ला प्रशासन कार्यालयबाट अनुभव प्रमाणित गर्ने गरेको ।

**५.१.४ अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणसम्बन्धी**

(१) अनलाइन नवीकरण गर्नुपर्ने अवधि चालू आ.व. को शुरुवातबाट पौष मसान्तसम्म गर्नुपर्ने व्यवस्था रहेको र तोकिएको म्यादभित्र नवीकरण गर्न नआएमा पुनः नवीकरणको व्यवस्था नरहेकोले रु. सात हजार जरिवाना लिएर भए पनि निजको नाममा Domain रहेसम्म नवीकरण गर्न मिल्ने व्यवस्था हुनुपर्ने ।

(२) अनलाइन सञ्चार माध्यमको संख्या दिनहुँ बढ्दो छ तर यिनको गुणात्मकतामा जोड दिन सकिएको छैन । लोकप्रियता बढाउने होडबाजीमा भ्रामक सूचना सम्प्रेषण गर्ने, सूचनाको तोडमोड गर्ने, अरुको मानमर्यादामा आँच पुऱ्याउने गरेको लगायतका जनगुनासो रहने गरेको पाइएको छ ।

(३) अनलाइन दर्ता तथा नवीकरणको बढ्दो आकर्षण तथा चापको तुलनामा प्रेस तथा प्रशासन शाखा अन्तर्गत अनलाइन इकाइमा काम गर्ने जनशक्तिको कमी, हुँदा सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनमा कठिनाइ भएको छ ।

(४) अनलाइन दर्ता तथा नवीकरण सम्बन्धमा दस्तुर कायम हुन नसकेको । अनलाइन दर्ताको लागि कमसेकम रु.५,०००।- प्रति अनलाइन र नवीकरण लागि प्रति पटक रु. ३,०००।- कायम गरिएमा दर्ता तथा नवीकरण व्यवस्थित हुने र राजश्व समेत संकलन हुने ।

(५) अनलाइन दर्ताका फाइलहरु व्यवस्थित गरी राख्न नसकिएकोले फाइल खोज्न झन्झटिलो भएकोले फाइलिङ डिजिटलाइज गर्नु पर्ने र हाललाई नयाँ फाइल खरिद गरी राजश्व व्यवस्थापन गर्नुपर्ने एवं यस कार्यको लागि आवश्यक बजेटको व्यवस्था हुनुपर्ने ।

(६) अनलाइन दर्ता तथा नवीकरण कार्य Software निर्माण गरी Computerized System बाट उक्त कार्य गर्न नसकेकाले सो कार्य गर्नुपर्ने ।

(७) काठमाडौं उपत्यका बाहिरका अनलाइन सञ्चारमाध्यमको विभागबाट निरन्तर अनुगमन र ती सञ्चारगृहमा कार्यरत पत्रकारहरुको क्षमता विकास तथा सशक्तिकरणसम्बन्धी तालिम, अन्तरर्क्रिया तथा गोष्ठी प्रदेश तथा जिल्लागत रुपमा निरन्तर हुनुपर्ने ।

(८) वर्तमान समयमा अनलाइन सञ्चार नै पत्रकारिताको मुख्य विधाको रुपमा देखिन थालेको परिप्रेक्ष्यमा विभागले यस शाखा र यसमा कार्यरत सञ्चारकर्मीहरुलाई सशक्त र आफ्नो प्राथमिकतामा राख्नुपर्ने ।

(९) अनलाइन सञ्चारमाध्यम दर्ता गर्न आउने संस्थाका सञ्चालकहरु पर्याप्त जानकारी र आवश्यक कागजात नै पूरा नगरी आउने गरेका कारण थप प्रमाण कागजातका लागि

फिर्ता गर्नुपर्ने बाध्यता रहेको छ।

(१०) दर्ता भएका अनलाइन सञ्चार माध्यमहरु समेत समयमै दर्ता नवीकरण गर्न सचेत नभएको अवस्था रहेको छ।

(११) प्रायः अनलाइन सञ्चार माध्यमहरु न्यून संख्यामा सीमित सदस्यहरुबाट मात्रै सञ्चालन भएको पाइएको छ। यसबाट एकतर्फ व्यवसायमूलक एवं संस्थागत निरन्तरताको कमी देखिएको छ भने अर्कोतर्फ थप रोजगारीका अवसर सिर्जना समेत भएको पाइदैन।

### ५.१.५ प्रकाशन तथा फोटो व्यवस्थापनसम्बन्धी

(१) पुराना संकलित तस्बिरहरुको फोटो प्रदर्शन हालसम्म नभएको।

(२) अतिविशिष्ट र विशिष्ट व्यक्तिको स्वदेश वा विदेश भ्रमणमा सूचना तथा प्रसारण विभागको प्रतिनिधिको सहभागिता हुँदै आएकोमा हाल यस विभागका प्रतिनिधिलाई समावेश नगराउँदा त्यस्ता फोटाहरू सङ्कलन र भण्डार गर्ने कार्य हुन नसकेको।

(३) सरकारका सबै निकायहरूबाट औपचारिक अति विशिष्ट व्यक्तिहरुको समुपस्थितिमा हुने विशेष समारोह र कार्यक्रमबारे विभागलाई समयमै जानकारी नदिइएकाले त्यसको व्यवस्थापन गर्न तथा चाहिएको समयमा तत्काल फोटोग्राफी सुविधा उपलब्ध गराउन सकिने अवस्था नरहेको।

(४) फोटोग्राफीको लागि क्यामरा तथा अन्य अत्यावश्यक सामग्रीहरु पुरानो भएको हुँदा फोटोग्राफी काममा समस्या भएको।

(५) क्यालेन्डर र डायरी प्रकाशन गर्दा समयमा सार्वजनिक विदाको तिथिमिति प्राप्त गर्न नसक्दा समयमै प्रकाशन गर्न गाह्रो भएको साथै पर्याप्त जनशक्तिको अभाव भएको।

### ५.१.६ प्रसारण व्यवस्थापनसम्बन्धी

(१) राष्ट्रिय प्रसारण नियमावलीको नियम ५, ११, १६ (क) मा भएको व्यवस्था बमोजिम सेवाग्राहीहरुसँग छलफल गरिरहेकोले काम समेत गर्न कठिनाइ भएको अवस्था।

(२) रेडियो सञ्चार (लाइसेन्स) नियमावली बमोजिम केही नियमहरुमा थप व्याख्या र पुष्ट्याँइ नभएकोले काम गर्न सहज नभएको अवस्था।

(३) विभागले सबै प्रकारका टि.भि., रेडियोसम्बन्धी कार्यहरु समयमा गर्न नसकिएको अवस्था।

(४) विभागबाट समयमै निरीक्षण तथा अनुगमन कार्य गर्न नसकिएको अवस्था।

(५) विभिन्न प्रसारण संस्थाहरुको (इजाजतपत्र/अनुमतिपत्र/लाइसेन्स) नवीकरण कार्य समयमै नसकिएको अवस्था।

### ५.१.७ विभागसँग सम्बन्धित ऐन/नियमहरू

(१) आम सञ्चार माध्यममा आएको विविधता एवं संख्यात्मक रुपले बृद्धि भैरहेको अवस्थामा छापाखाना तथा प्रकाशन ऐन, २०४८ तथा नियमावली, २०४९ का प्रावधानहरू समय सापेक्ष नभएका कारण पत्रकारको क्षमता विकास एवं पत्रिकाको अभिलेख व्यवस्थापन लगायत गुणस्तरीय पत्रकारिता विकासमा बाधा पर्न गएको ।

(२) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ र नियमावली, २०५३ अनुरूप प्रेस रजिष्ट्रारले श्रमजीवी पत्रकारहरूको हक-हित सुरक्षाको प्रत्याभूति दिनुपर्ने भए तापनि ऐनका प्रावधानहरू सञ्चारगृहमैत्री नभएको भन्ने सञ्चारगृहका व्यवस्थापकको गुनासो रहेको र श्रमजीवीहरूको न्यूनतम पारिश्रमिक तथा सुविधाको कार्यान्वयनमा कठिनाइ परेको ।

(३) सञ्चारगृह र श्रमजीवी पत्रकारहरूबीच पारिश्रमिक, सेवा सुविधा र अन्य व्यवस्थापनमा सहजीकरण गर्ने विषयमा उचित संयन्त्रको अभाव देखिएको ।

### ५.१.८ पत्रकार तालिमसम्बन्धी

(१) पत्रकारिताका लागि पत्रकारको योग्यता नतोकिएको एवं तालिम अनिवार्य नभएको ।

(२) पत्रकार तालिमका लागि सरकारी लगानी न्यून रहनुका साथै संस्थागत व्यवस्था अपर्याप्त रहेको ।

(३) सञ्चारगृहहरूले पत्रकारलाई पर्याप्त रुपमा तालिम दिन सक्रिय हुन नसकेको ।

(४) केन्द्र तथा जिल्ला सदरमुकाम-केन्द्रीत तालिम मात्र सञ्चालन हुने गरेको, तालिमलाई स्थानीय तहसम्म पुऱ्याउन नसकिएको ।

(५) मध्यम तथा उच्च तहका पत्रकारहरूका लागि तालिमको व्यवस्था अपर्याप्त रहेको ।

(६) कतिपय विषयमा सरकारी, निजी एवं गैरसरकारी संस्थाबाट आ-आफ्नै ढङ्गबाट पत्रकार तालिम सञ्चालन गरिएका कारण पाठ्यक्रम, विधि एवं समयावधि फरक-फरक भएको ।

(७) पत्रकारिताका लागि योग्यता जाँच गर्ने निकाय (मेडिकल काउन्सिल वा नेपाल बार एशोसिएसन जस्ता) नभएकोले तालिममा स्तरीयता कायम गर्न कठिनाइ भएको ।

(८) पत्रकार तालिमका लागि पर्याप्त बजेटको कमी भएको कारण गरिब, महिला एवं पिछडिएको समुदायका व्यक्तिहरू तालिमको अवसरबाट बञ्चित रहने गरेका ।

### ५.१.९ जनशक्ति व्यवस्थापनसम्बन्धी

(१) सूचना तथा प्रसारण विभागको मौजुदा कर्मचारी दरबन्दी ४० जना भएकोमा सोअनुरूप पदपूर्ति नभएको ।

(२) वैदेशिक तालिम तथा अध्ययनको अवसरको कमीका कारण कर्मचारीहरू अन्यत्र अवसरको खोजीमा लागिरहने प्रवृत्ति हावी रहेको ।

## ५.२ समस्या समाधानका उपायहरू

### ५.२.१ सूचना व्यवस्थापनसम्बन्धी

(१) सरकारका विभिन्न निकायहरूमा छरिएर रहेका सूचना एकीकृत गरी वितरण गर्नका लागि अनलाइन सूचना सङ्कलन र वितरणका निम्ति सफ्टवेयर निर्माण गरी अनलाइन सूचना प्राप्त गर्न सम्बन्धित सबै सरकारी निकायले अनिवार्य रूपमा सूचना, जानकारी एवं निर्णयहरू सूचना तथा प्रसारण विभागलाई उपलब्ध गराउनुपर्ने बाध्यकारी व्यवस्था हुनुपर्ने ।

२. सूचना तथा प्रसारण विभागले पत्रकारिताको प्रवृत्ति (Trend), सूचनामा पहुँच तथा पत्रकार र पत्रकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गर्नुपर्ने ।

### ५.२.२ पत्रिका अभिलेखीकरणसम्बन्धी

(१) पत्रपत्रिकाको अभिलेख व्यवस्थित ढङ्गले राखी समय-समयमा प्रकाशन गर्ने ।

(२) दुर्गम र अविकसित जिल्लाहरूमा पत्रपत्रिका दर्ता र प्रकाशन सम्बन्धमा अध्ययन गर्ने ।

### ५.२.३ प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी

(१) प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिको अनुभव र तालिमका सम्बन्धमा निश्चित मापदण्ड निर्धारण गरी सो अनुसारको योग्यता अनिवार्य गर्नुपर्ने ।

(२) प्रेस प्रतिनिधि प्रमाणपत्र लिन स्वतन्त्र एवं श्रमजीवी पत्रकारका लागि छापाको हकमा बाइलाइन समाचार, स्तम्भ कम्तीमा वर्षको ५ वटा लेख तथा बिद्युतीय सञ्चार माध्यमको हकमा अनलाइन न्युज वा अडियो भिडियोबाट प्रसारित समाचार, डकुमेन्ट्री वा समाचार प्रसारणको प्रमाण पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

(३) प्रेस प्रतिनिधि प्रमाणपत्र लिनको लागि गरिएको सिफारिस झुठो ठहरिएमा सिफारिस कर्ता (सञ्चारगृहको व्यवस्थापक) र त्यसरी प्रमाणपत्र लिने दुवैलाई दण्ड जरिवाना हुने व्यवस्था गर्नुपर्ने ।

(४) स्वतन्त्र पत्रकारलाई नेपाल पत्रकार महासंघसँगको सिफारिस एवं परामर्शमा प्रेस पास दिन सकिने व्यवस्था गर्नुपर्ने ।

(५) हालको राजश्व व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने ।

### ५.२.४ अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणसम्बन्धी

(१) अनलाइन सञ्चार माध्यमको संख्यामा भन्दा गुणात्मकतामा जोड दिन सके विश्वसनीय समाचार सम्प्रेषण हुने र जनगुनासोमा कमी आउने,

(२) अनलाइन दर्ता तथा नवीकरणको लागि राजश्व तोकिएमा अनलाइन व्यवस्थित हुने र

राजश्व समेत संकलन हुने,

(३) अनलाइन नवीकरण गर्नुपर्ने अवधि चालू आ.व. को शुरुवातबाट पौष मसान्तसम्म गर्नुपर्ने व्यवस्था रहेको र तोकिएको म्यादभित्र नवीकरण गर्न नआएमा पुनः नवीकरणको व्यवस्था नरहेकोले केही जरिवाना लिएर भए पनि निजको नाममा Domain रहेसम्म नवीकरण गर्न मिल्ने व्यवस्था भए दोहोरो दर्ताको झन्झट अन्त्य हुने,

(४) अनलाइन दर्ता तथा नवीकरण कार्य Software निर्माण गरी Computerized System बाट गर्न सकेमा अभिलेखीकरण दुरुस्त हुन गई काममा सहजता हुने।

**५.२.५ फोटो व्यवस्थापनसम्बन्धी**

(१) अति विशिष्ट व्यक्तिको स्वदेश एवं विदेश भ्रमण कार्यक्रममा सूचना तथा प्रसारण विभागलाई समावेश गर्ने।

(२) देशभर औपचारिक तथा विशिष्ट व्यक्तिहरुको समुपस्थितिमा हुने महत्वपूर्ण कार्यक्रमहरूको सूचना सम्बन्धित निकायहरूले सूचना तथा प्रसारण विभागलाई दिने व्यवस्था गर्ने।

(३) फोटो प्रदर्शनी तथा फोटो प्रतियोगिता गर्ने गराउने।

(४) विभागमा संकलित फोटो, नेगेटिभ फोटो, फिल्म भिडियोहरूको व्यवस्थापन गर्न डिजिटल अर्काइभ (Digital Archive) तयार गर्दै जाने।

(५) फोटोग्राफी सामानको लागि बजेटको व्यवस्था गर्ने।

(६) क्यालेण्डर/डायरीका लागि तिथिमिति समयमै उपलब्ध गराउन गृह मन्त्रालयसँग पहल गर्ने।

(७) विभागमा यसपूर्व छविकला अधिकृत ३ जना र २ जना सहायक छविकार रहेकोमा हाल दरबन्दी काटिएका कारण २ जना मात्र छविकला अधिकृत रहेको हुँदा काम गर्न समस्या भएको छ। तसर्थ २ जना सहायक छविकार (ना.सु. स्तर) को दरबन्दी थप गर्न अति आवश्यक भएको।

(८) प्रकाशन शाखामा विद्यमान जनशक्ति अपर्याप्त भएको सन्दर्भमा कम्प्युटर अपरेटर १ र ना.सु. १ को दरबन्दी थप गरिनु पर्ने।

**५.२.६ प्रसारण व्यवस्थापनसम्बन्धी**

(१) नियमावलीमा केही अस्पष्ट रहेको व्यवस्थाका सम्बन्धमा मन्त्रालयबाट सहजीकरण भई नियमावलीमा प्रष्ट रुपमा व्याख्या भएर आउनुपर्ने।

(२) प्रसारण शाखामा हाल मौजुदा दरबन्दीबाट उक्त कार्य गर्न नसकिने भएकोले थप आवश्यक दरबन्दीको व्यवस्था गर्नुपर्ने।

(३) प्रसारण शाखामा रहेका जनशक्तिलाई आवश्यक प्राविधिक सिप तथा व्यवस्थापन तालिम दिने व्यवस्था गर्ने।

(४) प्रसारण शाखाका लागि आवश्यक हुने उपकरणहरुको व्यवस्थापन गर्ने।

### ५.२.७ नीति एवं ऐन नियममा समसामयिक संशोधन

(१) सूचना तथा प्रसारण विभागले गर्ने प्रेस पास नवीकरणसम्बन्धी काम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको (माननीय मन्त्रीस्तरीय) मिति २०७७/३/११ को निर्णयअनुसार सातवटै प्रदेश राजधानीस्थित हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुलाई अधिकार प्रत्यायोजन भएको छ।

(२) छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ तथा नियमावली, २०४९ लाई संशोधन गरी समसामयिक बनाई जिल्ला प्रशासन कार्यालय र सूचना तथा प्रसारण विभागबीच पत्रपत्रिका दर्ता, अभिलेख, सोको प्रकाशन र अनुगमनका सम्बन्धमा देखिएको अस्पष्टता न्यूनीकरण गर्नुपर्ने।

(३) सञ्चारगृहहरूले दिएका नियुक्ति पत्र, सिफारिस पत्र एवं कार्यरत पत्रकार एवं कामदारहरूको दरबन्दी र श्रमजीवी विवरण प्राप्त भएपछि विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउँदै आएकोमा कतिपय सञ्चारगृहले पत्रकार नै नभएको व्यक्तिलाई समेत सिफारिस गरी सोको आधारमा परिचयपत्र लिई गलत प्रयोग भएको पाइएमा सिफारिस गर्ने सञ्चारगृह र परिचयपत्र लिने दुबैलाई दण्ड जरिवाना गर्ने गरी ऐनमा प्रावधान राखिनुपर्ने।

(४) नेपाली सञ्चारगृहमा काम गर्ने पत्रकारहरू नियुक्त भएपछि नेपाल पत्रकार महासंघमा अनिवार्य दर्ता हुनुपर्ने र दर्ता भएका पत्रकारहरूलाई पत्रकार महासंघको सिफारिसको आधारमा मात्र पत्रकार परिचयपत्र उपलब्ध गराउने व्यवस्था भएमा सञ्चार संस्थामा कार्यरत पत्रकारले मात्र परिचयपत्र पाउने व्यवस्था ऐन-नियमावलीमा समावेश गर्नुपर्ने।

(५) पत्रकार परिचयपत्र लिने, नवीकरण गर्ने र प्रतिलिपि लिने प्रयोजनको निमित्त हाल राजश्व दस्तुर ज्यादै नै न्यून भएकै कारण पनि जो-कोहीले सिफारिससाथ लिन आउने गरेको भन्ने गुनासाहरू रहेको सन्दर्भमा नियमावलीमा तोकिएको राजश्व रकममा समयोचित थप वा बृद्धि गरी त्यस्तो कार्यमा अनधिकृत वा अनावश्यक व्यक्तिको पहुँचमा कमी ल्याउनुपर्ने।

(६) पत्रकारिताका विधा/संस्था (छापा माध्यम, बिद्युतीय सञ्चार माध्यम, अनलाइन आदि) सबैलाई समेटने गरी छुट्टै मिडिया नीति र ऐन बनाउनुपर्ने।

(७) 'सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन' भन्ने संवैधानिक प्रावधान रहेको र अनावश्यक रुपमा पत्रपत्रिका दर्ता गर्ने प्रवृत्तिको विकास हुन गएकोले त्यस्ता गतिविधिलाई निरुत्साहित पार्न संविधानमा नै उल्लेख गरी प्रकाशन नभएको अवस्थामा स्वतः खारेज हुने स्पष्ट प्रावधान राखिनु पर्ने; साथै, ऐनमा नै व्यवस्था गरी नियमित प्रकाशनमा नरहेका मिडियाको दर्ता एवं नाम स्वतः खारेज हुने व्यवस्था गरी विद्यमान व्यवधानलाई हटाउनु पर्ने।

(८) योग्यताको प्रमाणपत्र नभएको तर समाचार सङ्कलन वा रिपोर्टिङ्ग सम्बन्धमा पाँच वर्ष काम गरेको जोसुकै व्यक्तिले प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्न सक्ने विद्यमान कानुनी प्रावधानका कारण अनुभवी एवं बरिष्ठ पत्रकारबाट त्यस्ता व्यक्तिको दक्षता एवं

गुणस्तरका सम्बन्धमा असन्तुष्टि रहेको हुँदा पत्रकारको दक्षता एवं विशिष्टिकरणका लागि सरोकारवालाको सहभागितामा सूचकहरू विकास गरी निश्चित मापदण्डका आधारमा श्रेणी विभाजन गर्नुका साथै पेशागत परीक्षा उत्तीर्ण गरेपछि मात्र इजाजत दिने प्रणाली ऐनमा समावेश गर्नुपर्ने ।

(९) 'पत्रपत्रिका' को परिभाषामा समाचार पत्र, समाचार पत्रिका वा अन्य पत्रपत्रिकालाई समेत उल्लेख भएकोले यसभित्रका साहित्यिक एवं हाँस्य विधाका विषय समेत पर्ने गरेको भनी सरोकारवालाहरूबाट गुनासो आउने गरेकोले पत्रपत्रिकाको स्पष्ट परिभाषा गरिनु पर्ने ।

(१०) पत्रकार एवं पत्रपत्रिकालाई संयम एवं मर्यादित बनाउन पालना गर्नुपर्ने आचरण (Journalist Code of Conduct) को प्रभावकारी रूपमा प्रचारप्रसार एवं अनुगमन गर्ने व्यवस्था गरिनुपर्ने ।

(११) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, बमोजिम प्रेस रजिष्ट्रारले सञ्चार प्रतिष्ठानका श्रमजीवीको सम्पूर्ण विवरण अद्यावधिक गरी राख्नुपर्ने, करारमा नियुक्ति गर्न प्रेस रजिष्ट्रारको स्वीकृती लिनुपर्ने, सञ्चार प्रतिष्ठानमा भएको दरबन्दी कटौतीको अभिलेख राख्नुपर्ने, बन्द भएको सञ्चार प्रतिष्ठानको अभिलेख अद्यावधिक राख्नुपर्ने, सञ्चार प्रतिष्ठान वा व्यवस्थापनले श्रमजीवी पत्रकारलाई सेवा सुविधाको रकम नदिएमा र श्रमजीवीले सञ्चार प्रतिष्ठानको नोक्सानी गरेमा उजुरी लिई कारबाही गर्ने, विवाद समाधानका लागि मध्यस्थता गर्ने आदि विषयहरूसहितको कार्यविधि विभागले हालै तर्जुमा गरी अभ्यासमा ल्याएको सन्दर्भमा यसलाई प्रभावकारी तुल्याउन सम्बद्ध सरोकारवालाहरूको पनि व्यावहारिक रूपमा प्रतिबद्धता हुनुपर्ने ।

(१२) आवश्यक पर्ने विशेषज्ञको सेवा लिनुपरेमा मात्र करारमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृती लिई कुल संख्याको १५ प्रतिशतसम्म नियुक्ति गर्न पाउने व्यवस्था भए तापनि प्रेस रजिष्ट्रारको स्वीकृतिबिना जुनसुकै पदमा पनि करारमा नियुक्ति गर्ने गरिएको अवस्थामा ऐनको पालना गर्न गराउन कठिनाइ भएको हुँदा सो ऐन संशोधन गरी व्यवहारिक एवं समयसापेक्ष बनाउनुपर्ने ।

(१३) प्रेस प्रतिनिधि प्रमाणपत्र (प्रेस पास) को उपयोगिता बढाउने र श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनमा सहजता ल्याउने कार्य गर्ने ।

**५.२.८ पत्रकार तालिमसम्बन्धी**

(१) पत्रकार तालिम गुणस्तरीय पत्रकारिताको आधारभूत तत्व हो । क्षमतावान पत्रकारका लागि न्यूनतम पारिश्रमिक दिलाउन समेत सहज हुने भएकाले सरकारी लगानीमा पत्रकार तालिम संकायको स्थापना गर्ने ।

(२) सम्पादक हुनको लागि कम्तीमा ६ महिनाको र रिपोर्टरका लागि ३५ दिनको पत्रकार तालिम अनिवार्य गर्ने ।

(३) रेडियो, टेलिभिजन तथा अनलाइन मिडियाको सम्पादक हुनको लागि योग्यता तोक्ने र तालिम प्राप्त हुनुपर्ने व्यवस्था गर्ने ।

(४) पत्रकार क्षमता विकासका लागि पाठ्यक्रममा एकरूपता कायम गर्ने र मिडियासँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि एकेडेमी बनाउने ।

(५) अघिल्ला वर्षहरुमा सञ्चालन गर्दै आएका कार्यक्रमहरु- आधारभूत सेवाकालीन तालिम, आबद्धता तालिमहरु पुनः कार्यक्रममा राखी व्यवस्थित तालिम सञ्चालन गर्ने ।

### ५.२.९ श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनसम्बन्धी

(१) सञ्चारगृहमा काम गर्ने श्रमजीवी पत्रकार एवं कर्मचारीले नियुक्तिपत्र लिएर मात्र काम गर्ने ।

(२) सञ्चारगृहका व्यवस्थापकहरूले श्रमको मूल्यको सम्मान अनिवार्य रूपमा गर्नुपर्ने ।

(३) श्रमजीवी पत्रकारसम्बन्धी ऐनको कार्यान्वयनको अनुगमन सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र नेपाल पत्रकार महासंघको संयुक्त टोलीले गर्ने र तथ्यपरक अवस्था पारदर्शी गर्ने ।

(४) श्रमजीवी पत्रकारहरूलाई सम्पादन तथा रिपोर्टिङको लागि सूचना तथा प्रसारण विभागको प्रेस प्रतिनिधि प्रमाणपत्र (प्रेस पास) अनिवार्य गर्ने ।

### ५.२.१० भावी योजना र कार्यक्रम

यस विभागबाट प्रेस र प्रसारण सम्बन्धी सेवा प्रवाह भई रहेको छ । सेवा प्रवाहलाई सहज बनाउन विगत दुई वर्षदेखि विद्युतीय अनलाइन प्रणाली सञ्चालन गरिएको छ । अनलाइन प्रणालीबाट सेवा प्रवाह भएपनि सूचना प्रविधिको प्रयोगमा कतिपय सेवाग्राहीहरु अभ्यस्त भई नसकेकोले केही समस्याहरु विद्यमान छन् । विद्यमान समस्यालाई समाधान गर्न सफ्ट्वेयरमा समसामयिक स्तरोन्नती गर्न कार्यक्रम राखिएको छ । प्रयोगकर्ताको सुविधाको लागि हेल्प डेस्क व्यवस्था गरिएको र विभागको वेभसाइटमा रहेको प्रयोगकर्ता म्यानुअल परमार्जनको क्रममा रहेको छ । प्रसारण सेवालाई मितव्ययी र छनौट सुविधा सहितको बनाउन मिति २०८० साउन १ गतेबाट आलाकार्टा (A'La Carte) कार्यक्रम लागू गर्ने । A'La Carte सुविधा दिन सफ्टवेयरको परिमार्जन गर्ने कार्यक्रम राखिएको छ । प्रेस र प्रसारण सम्बन्धमा बदलिँदो परिस्थिति र समयको माग बमोजिम विद्यमान कानुनहरुमा संशोधन गर्नुपर्ने आवश्यकता रहेको छ । यस आ.व. २०८०/८१ मा आमसञ्चारलाई व्यवस्थित गर्न वाकीट्वाकी, एफएम तथा टेलिभिजन सञ्चालन निर्देशिका, राष्ट्रिय प्रसारण विधेयक र अनलाइन पत्रिका, प्रेस तथा छापाखाना सम्बन्धी विधेयकको मस्यौदा तयार गरी पेश गर्ने र स्वीकृत भएपछि कार्यान्वयनमा गरिने योजना रहेको छ । हाल सञ्चालनमा रहेका TV Channel हरुलाई प्रभावकारी रुपमा अनुगमन गर्न मल्टिभुअर स्ट्रिमिङ्ग एण्ड रेकर्डिङ्ग सिष्टम (Multiviewer Streaming and Recording System) को स्तरोन्नती गर्ने कार्यक्रम समेत रहेको छ ।

### ५.२.११ चुनौतीहरु

(क) अनलाइन सञ्चारमाध्यमको व्यवस्थापनका लागि पर्याप्त कानुनी आधार नभएकोले अनलाइन व्यवस्थापन सम्बन्धी चुनौती रहेको छ।

(ख) विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न र यस विभागमा दर्ता नभई समाचार, श्रव्य दृश्य सामग्रीहरु प्रसारण हुने सञ्चारमाध्यम, सामाजिक सञ्चालको व्यवस्थापनमा चुनौती रहेको छ।

(ग) संघीय सरकार अन्तर्गतको प्रेस रजिष्ट्रार र प्रदेश सरकार अन्तर्गतको सञ्चार रजिष्ट्रार बीचको कार्यक्षेत्र विभाजन नभएकोले कार्यक्षेत्रको अस्पष्टता सम्बन्धी चुनौती थपिएको छ।

(घ) प्रेस रजिष्ट्रारलाई मुद्दा फैसला गर्ने सम्मको अधिकार नभएकोले श्रमजीवी पत्रकार ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न चुनौती रहेको छ।

## ५.३ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरु

यस विभागले नेपालभरका सञ्चारगृह र पत्रकारहरुलाई सेवा प्रवाह गर्दै आएको छ। सेवा प्रवाह गर्ने क्रममा विगतमा कागजी रुपमा भइरहेको प्रणालीलाई सुधार गरी विगत २ वर्षदेखि विद्युतीय प्रणालीबाट सेवा प्रवाह भई रहेको छ। सूचना प्रविधिको क्षेत्रमा भएको नयाँ खोज र आविस्कारबाट डिजिटल साक्षरतामा वृद्धि भएका कारण छापा माध्यम तथा प्रेस सम्बन्धी कानुनमा समसामयिक सुधार हुनु पर्ने देखिन्छ। कानुन संशोधनमा ढिलाई हुनु, विद्युतीय सामग्रीहरुको लागि पर्याप्त स्रोतको व्यवस्था नहुनु, जनशक्तिलाई यस विभागमा टिकाइ राख्न नसक्नु, कर्मचारीको क्षमता वृद्धिमा स्रोतको अभाव हुनु, प्रसारण संस्थाहरुको अनुगमनका लागि अत्याधुनिक उपकरण सहितको सवारी साधन नहुनु यस विभागले कार्यान्वयन गर्ने कार्यक्रमको समस्या रहेका छन्।

माथि उल्लिखित समस्या समाधानका लागि देहाय अनुसारको समाधानको प्रयास गरिएको छ।

(क) अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिकाको परिमार्जित प्रारम्भिक मस्यौदा तयार गरिएको।

(ख) प्रसारण सम्बन्धी नियमावलीमा समसामयिक संशोधनको प्रक्रिया शुरु भएको।

(ग) प्रसारण संस्थाहरुको अनुगमनका लागि Multiviewer Streaming and Recording System स्तरोन्नति गर्न स्रोतसहित आवश्यक तयारी गरिएको।

(घ) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्णयानुसार A'La Carte (आलाकार्टा) लागू गरिएकोले CAS/SMS Centralized Surveillance Monitoring System स्तरोन्नतीको तयारी भइरहेको।

(ङ) विद्युतीय प्रणालीबाट सेवा प्रवाह गर्दा सेवाग्राही (सञ्चार गृह र पत्रकार)लाई प्रणालीको विषयमा जानकारी दिन दक्ष जनशक्तिको सहभागितामा सहायता कक्षको व्यवस्था गरिएको छ।

### ५.४ उपसंहार

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिम सार्वजनिक निकायले आफूसँग सम्बन्धित विषयहरु (सम्बद्ध निकायको काम, कर्तव्य, अधिकार प्रदान गरिने सेवा, सम्पादन गरेको कामको विवरण, आम्दानी, खर्च तथा आर्थिक कारोबार आदि) अद्यावधिक र प्रकाशन गर्नुपर्दछ। यसैगरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ मा विभागले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र त्यस्तो कामको अवस्थिति, प्रगति अन्य आवश्यक कुराहरुसमेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्ने प्रावधान रहेको छ। सो अनुसार विभागले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गरेको छ।

पत्रकारिताको विकास र सूचनाको सार्वजनिकीकरण लोकतन्त्रका अभिन्न पक्ष हुन्। पत्रकारिताको विकास र सूचनाको व्यवस्थापन सूचना तथा प्रसारण विभागको मुख्य दुई जिम्मेवारीहरू हुन् । मिडिया नीति निर्माण र कार्यान्वयनमा सूचना तथा प्रसारण विभागको अहम् भूमिका रहेको छ। नेपाल सरकार र पत्रकार जगतको बीचमा सम्पर्क सूत्रको रुपमा रहेर काम गर्दै आएको अवस्था छ। सूचना सङ्कलनदेखि वितरणसम्म कार्यसम्पादनका सम्पूर्ण चरण एवं प्रक्रियाहरूमा सबै सरोकारवालाहरूको सहयोग र समन्वयको समेत खाँचो रहने हाम्रो अनुभव छ। यसर्थ, सूचना र पत्रकारिताका माध्यममा आएका विविधतालाई सम्बोधन गर्नसक्ने गरी सूचना तथा प्रसारण विभागलाई सशक्त तुल्याउनु आजको आवश्यकता हो।

# अनुसूचीहरू

# अनुसूची–१

## सूचना तथा प्रसारण विभागको नागरिक बडापत्र

| क्र. सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | सूचना तथा प्रसारण विभागबाट प्रकाशित सामग्रीहरू वितरण | शाखा अधिकृत | १५<br>२० | प्रकाशन इकाई | १. सम्बन्धित निकायको पत्र<br>२. सम्बन्धित व्यक्तिको माग निवेदन | निःशुल्क | |
| २ | पत्रिका अस्थायी/ स्थायी दर्ता सिफारिस | निर्देशक, शाखा अधिकृत | १६<br>१७ | प्रेस इकाई | १. जिल्ला प्रशासन कार्यालयको पत्र<br>२. सम्बन्धित सञ्चार प्रतिष्ठानको निवेदन (स्थायी सिफारिसको लागि मात्र)<br>३. अस्थायी दता प्रमाणपत्रको प्रतिलिपी (स्थायी सिफारिसको लागि मात्र)<br>४. तोकिए अनुसारको प्रकाशित पत्रिका (स्थायी सिफारिसको लागि मात्र) | निःशुल्क | |
| ३ | विदेशी पत्रकारहरुको प्रेस प्रतिनिधि प्रमाणपत्र (अस्थायी)<br>जारीरनवीकरण र<br>गैरपर्यटक भिसा सिफारिस | निर्देशक, शाखा अधिकृत | १६<br>२१<br>२४ | प्रेस इकाई | १. सम्बन्धित संस्थाको सिफारिस<br>२. राहदानी र भिसाको प्रतिलिपि<br>३. सम्बन्धित दुतावास र कन्सुलेटको सिफारिस<br>४. पासपोर्ट साइजको फोटो ४ प्रति<br>५. चौमासिक कार्यप्रगति | प्रेस प्रमाणपत्रका लागि रु. १५००/-<br>अस्थायी प्रेस प्रमाणपत्रका लागि रु. ९००/-<br>गैर पर्यटक भिसा सिफारिसका लागि रु. ५००/- | |
| ४ | प्रेस प्रतिनिधि प्रमाणपत्र (सम्पादकसमेत) जारी, नवीकरण, प्रतिलिपि र संस्था परिवर्तन | निर्देशक, शाखा अधिकृत | १६<br>२१<br>२४ | प्रेस इकाई | १. नेपाली नागरिकताको प्रतिलिपि<br>२. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि (सम्पादकको हकमा स्नातकसम्मको)<br>३. संस्थाको सिफारिश, नियुक्ति पत्र वा करार पत्रको प्रतिलिपि<br>४. पासपोर्ट साइजको फोटो ४ प्रति | १. नयाँ रु. ३००/-, अस्थायी रु. ९००/-<br>२. नवीकरण: क) ३५ दिनसम्म रु. ५०/-, ख) १२५ दिनसम्म रु. १००/- र म्याद नाघेको असार मसान्तसम्म रु. २५०/-<br>३. संस्था परिवर्तन रु. १००/-<br>४. प्रेस प्रमाणपत्रको प्रतिलिपि रु. २००/-<br>५. प्रेस परिचयपत्रको प्रतिलिपि रु. ५०/- | |

| क्र. सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| ५ | स्वतन्त्र पत्रकार प्रेस प्रतिनिधि प्रमाणपत्र जारी र नवीकरण | निर्देशक, शाखा अधिकृत | १६<br>२१<br>२४ | प्रेस इकाई | १. निवेदन, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो ३ प्रति ।<br>२. एसएलसीदेखि स्नातकसम्मको शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि<br>३. पत्रकारिता पेशामा काम गरेको सञ्चारगृहको नाम र अवधि खुलेको विवरण<br>४. पत्रकारितामा बाइलाइन समाचार, स्तम्भ लेखन, सम्पादन गरेको कामको प्रत्येक वर्षको पत्रिकामा प्रकाशित ६ वटा प्रकाशनको सक कलप्रति (स्नातकमा पत्रकारिता विषय भए १० वर्ष अन्यथा १५ वर्ष) र एफ एम र टि.भि.भए अवधि उल्लेख गरी सञ्चारगृहको सिफारिसपत्र, १२ वटा फुटेज, क्लीप्स वा अनलाइनमा प्रकाशित समाचार र राष्ट्र, समाज र पत्रकारिता क्षेत्रमा योगदान पुग्ने कम्तिमा ३०० शब्दको मौलिक लेख ।<br>५. यस अघि प्रेस प्रतिनिधि प्रमाणपत्र लिएको भए सुरुदेखिको प्रतिलिपी । | १. नयाँ जारी रु. ६००/-<br>२. नवीकरण: क) ३५ दिनसम्म रु. ५०/-, ख) १२५ दिनसम्म रु. १००/- र म्याद नाघेको असार मसान्तसम्म रु. २५०/- | |
| ६ | अध्यक्ष, प्रकाशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, व्यवस्थापकको परिचयपत्र वितरण | निर्देशक, शाखा अधिकृत | १६<br>१७<br>२० | प्रेस इकाई | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>२. सम्बन्धित संस्थाको सिफारिस पत्र<br>३. नियुक्ती पत्रको प्रतिलिपि<br>४. पदीय हैसियत प्रष्टिने कागजातहरू<br>५. पासपोर्ट साइजको फोटो २ प्रति | अध्यक्ष तथा प्रकाशकको परिचयपत्र रु. १,०००/- प्रबन्ध निर्देशक तथा व्यवस्थापकको परिचयपत्र रु. ९००/- | |
| ७ | पत्रकारिता अनुभव प्रमाणित र सिफारिस | निर्देशक, शाखा अधिकृत | १६<br>१७<br>२४ | प्रेस इकाई | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>२. १५ वर्षसम्म पत्रकारिता गरी प्रकाशित बाइलाइन समाचार, अनलाईन, टिभी, रेडियोमा प्रकाशित, प्रसारित समाचारको क्लिप्स रफुटेज | रु. १०० /- | |
| ८ | अनलाईन मिडिया अभिलेखिकरण | निर्देशक, शाखा अधिकृत | १६<br>१७<br>१८ | प्रेस इकाई | कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र (अनलाइन पत्रकारिता), नियमावली, डोमेन दर्ता, प्यान/भ्याट (अनलाइन पत्रकारिता) दर्ता, प्रेस काउन्सिल नेपालमा सूचीकरण गरेको प्रमाणपत्र, सञ्चालक र सम्पादकको नागरिकता तथा स्नातक तहसम्मको शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रति, बैठकको निर्णय प्रतिलिपि, सञ्चालकको ३ प्रति फोटो, श्रमजीवी दरबन्दी विवरण | निशुल्क | |

| क्र.सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| ९ | फोटो वितरण | निर्देशक<br>छविकार<br>छविकार | १५<br>३<br>२५ | फोटो इकाई | संस्थाको पत्र वा निवेदन | निःशुल्क | |
| १० | श्रमजीवी पत्रकार र व्यस्थापनबीचको विवाद समाधान | महानिर्देशक | ९<br>२४ | महानिर्देशक | १. उजुरी र उजुरी गर्नेको नियुक्ति पत्र तथा परिचयपत्र<br>२. निष्काशन गरेको पत्र<br>३. माग दावी (कानुनी आधार) | निःशुल्क | |
| | | | | | | | |
| ११ | गुनासो सुन्ने | निर्देशक | १६ | प्रशासन इकाई | उजुरी, निवेदन | निःशुल्क | |
| १२ | (अ) टेलिभिजन इजाजततर्फ<br>(क) भू-उपग्रह,<br>(ख)भू-सतही<br>(ग) केबुल टेलिभिजन<br>(घ) अनलाइन टेलिभिजन | निर्देशक,<br>इलेक्ट्रेनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | ● तोकेको ढाँचामा दरखास्त<br>● संस्थाको रजिष्ट्रेशन दर्ता, प्रवन्धपत्र, प्रवन्धपत्र नियमावली र आयकर दर्ताको कागजात, सामाजिक/सामुदायिक र गैर सरकारी संस्थाको हकमा विधान र नियमावली, प्रसारण केन्द्र वा स्टेशन रहने स्थानको विवरण, घरजग्गा, भवनको प्रमाणपूर्जा, घर/जग्गा भाडामा भए स्वामित्व हुने व्यक्तिको मञ्जुरीनामा रीतपूर्वकको लिखत । (नोटरी प्रमाणित)<br>● प्रसारण संस्था सञ्चालन गर्न सकिने प्रष्ट आधार खुल्ने गरी तयार पारिएको प्राविधिक आर्थिक, व्यवसायिक स्थापना र सञ्चालनसम्बन्धी प्रतिवेदन ।<br>● जिल्ला प्रशासन कार्यालयको चालचलनको पत्र ।<br>● प्रसारण संस्थाको प्रसारण पहुँच देखाइएको नक्सा<br>● विदेशी/स्वदेशी भू-उपग्रहको प्रयोगको लागि उक्त संस्थासँग भएको<br>● सम्झौता ।<br>● केबुल टेलिभिजनको हकमा: केबुल प्रसारक संस्थासँगको सम्झौता ।<br>● अनलइन टेलिभिजनको हकमा डोमेन दर्ता र वेभ हो स्टिङ्को सम्झौता<br>● निवेदन दर्ताको लागि रीतपूर्वक सञ्चालक समितिको निर्णय गरी अख्तियारी दिएको लिखतपत्र । | क) भू-उपग्रह<br>१. निवेदन दस्तुररु. ५०००/-<br>२. इजाजतपत्र दस्तुर रु. १०,००,०००/-<br>ख) भू-सतही रभि.एच.एफ, यु.एच.एफ प्रयोग गर्ने अनुमतिपत्र दस्तुर<br>१. निवेदन दस्तुर रु. ५०००/-<br>ट्रान्समिटर प्रणालीबाट गरिने सतहगत टेलिभिजन प्रसारण केन्द्र वा प्रत्येक रिले स्टेशनको लागि<br>● ५०० वाट क्षमता सम्मको लागि रु. ५,००,०००/-<br>● ५०० वाटदेखी १ किलोवाट क्षमता सम्मको लागि रु. ७,५०,०००/-<br>● १-३ किलोवाट क्षमतासम्मको लागि रु. १०,००,०००/-<br>● ३-५ किलोवाट क्षमतासम्मको लागि रु. १५,००,०००/-<br>● ५-१० किलोवाट क्षमतासम्मको लागि रु. २५,००,०००/-<br>(ग) केबुल टेलिभिजन<br>१. निवेदन दस्तुर रु. ५०००/-<br>२. इजाजत दस्तुर (प्रति च्यानल) रु. १०,००,०००/-<br>(घ) अनलाइन टेलिभिजन<br>१. निवेदन दस्तुर रु. ५०००।<br>२. इजाजत पत्र दस्तुर (प्रति च्यानल ) रु.५०००००। | |

| क्र. सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| १३ | (आ) एफ.एम. रेडियो इजाजतपत्र तर्फ | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | १<br>७<br>८ | प्रसारण शाखा | १. तोकेको ढाँचामा दरखास्त<br>२. संस्थाको रजिष्ट्रेशन दर्ता, प्रवन्धपत्र, प्रवन्धपत्र नियमावली र आयकर दर्ताको कागजात, सामाजिकरसामुदायिक र गैर सरकारी संस्थाको हकमा विधान र नियमावली, प्रसारण केन्द्र वा स्टेशन रहने स्थानको विवरण, घरजग्गा, भवनको प्रमाणपूर्जा, घररजग्गा भाडामा भएमा स्वामित्व हुने व्यक्तिको मञ्जुरीनामा रितपूर्वकको लिखत । (नोटरी प्रमाणित)<br>३. प्रसारण संस्था सञ्चालन गर्न सकिने प्रष्ट आधार खुल्ने गरी तयार पारिएको प्राविधिक आर्थिक, व्यवसायिक स्थापना र सञ्चालनसम्बन्धी प्रतिवेदन ।<br>४. प्रसारण संस्थाको प्रसारण पहुँच देखाइएको नक्सा<br>५. निवेदन दर्ताको लागि रीतपूर्वक सञ्चालक समितिको निर्णय गरी अख्तियारी दिएको लिखतपत्र । | १. निवेदन दस्तुर रु. २०००/-<br>२. इजाजतपत्र दस्तुर<br>● २० वाट क्षमतासम्म रु. १०००/-<br>● २०-५० वाट क्षमतासम्म रु. २०००/-<br>● ५०-१०० वाट क्षमतासम्म रु. २०,०००/-<br>● १००-२५० वाट क्षमतासम्म रु. १,५०,०००/-<br>● २५०-५०० वाट क्षमतासम्म रु. ३,००,०००/-<br>● ५००-१००० वाट क्षमतासम्म रु. ७,५०,०००/-<br>● १०००-२००० वाट क्षमतासम्म रु. १०,००,०००/-<br>● २००० वाट क्षमताभन्दा माथिको लागि रु. २०,००,०००/- | |
| १४ | सिग्नल वितरण | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. डाउनलिङ्क च्यानलको विवरण, अख्तियारनामा (विदेशी प्रसारण संस्थाबाट)<br>२. प्यान, कम्पनी दर्ता, प्रबन्धपत्र | १. निवेदन दस्तुर रु. १०,०००/-<br>२. सिग्नल वितरकको लागि प्रति च्यानल रु. ५०,०००/- | |
| १५ | VOD/MSO (डिजिटल केवल, DTH/MMDS/DTIB/OTT वितरक) | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन प्रस्तावना ।<br>२. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी ।<br>३. शेयर होल्डरहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।<br>४. घरबहाल सम्झौता र लालपूर्जाको प्रतिलिपी ।<br>५. प्रसारण केन्द्र रहने ठाउँको विवरण ।<br>६. CAS/SMA Service सम्झौता | १. निवेदन दस्तुर रु. ५,०००/-<br>२. इजाजतपत्र वापत दस्तुर रु. १,००,००,०००/-<br>३. VOD इजाजतपत्र दस्तुर रु. २,००,०००/– | |
| १६ | विदेशी मुद्रा सिफारिस | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. मन्त्रालय/सम्बन्धित बैंकको यसअघि सिफारिस भएको पत्र ।<br>२. माइन्यूट, TDS/VAT तिरेको कागजात, Invoice ।<br>३. क्षेपत बाट पठाएको रकमसँग सम्बन्धित कागजात ।<br>४. विदेशी प्रसारण संस्थारसिग्नल वितरकसँगको सम्झौता । (नोटरी प्रमाणित) | निःशुल्क | |
| १७ | डाउनलिङ्क च्यानलको अनुमतिपत्र | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. दरखास्त, कम्पनी दर्ता, (संस्था भएमा), विदेशी च्यानलबाट अख्तियारनामा । | १. निवेदनः रु. १०,०००/-<br>२. निःशुल्क च्यानल विज्ञापन रहित रु. १ लाख<br>३. सःशुल्क च्यानल विज्ञापन रहित रु. ३ लाख | |

| क्र.सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| १८ | विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. अनुसूची ३ (ग) बमोजिम दरखास्त<br>२. विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार को सम्झौता<br>३. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि | १. निवेदन: रु. ५,०००/-<br>२. स्वीकृति पत्रको दस्तुर रु. ५ लाख | |
| १९ | इजाजत पत्र नवीकरण | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. दरखास्त, राजस्व भौचर, करचुक्ता, कम्पनी अध्यावधिक ।<br>२. सङ्गीत रोयल्टी समाजको पत्र वा रसिद र सम्झौता ।<br>३. न्यूनतम पारिश्रमिक सम्बन्धि कागजात (बैंक स्टेटमेन्ट) । | १. इजाजतपत्रअनुमति जारी रकमको १० प्रतिशत । | |
| २० | रेडियो यन्त्र उत्पादकको लाइसेन्स (अनुसूची ५) (नियम ४ सँग सम्बन्धित) | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-२ (नियम ३ सँग सम्बन्धित) बमोजिमको दरखास्त<br>२. स्थायी लेखा नम्बर (PAN), कम्पनी दर्ताको प्रमाणपत्र, नागरिकता को प्रमाणपत्र आदिको प्रतिलिपिहरू ।<br>३. उत्पादन गर्ने रेडियो यन्त्रको प्राविधिक विवरण (Technical Specifications) | ११. रेडियो सञ्चार तथा प्रसारणसम्बन्धी रेडियो यन्त्र उत्पादनको लागि,-<br>क. व्यापारिक प्रयोजन रु. २,००,०००/-<br>ख. अनुसन्धानको लागि,-<br>१. व्यक्तिगत रु. ५,०००/-<br>२. संघरसंस्थाको लागि रु. १०,०००/- | |
| २१ | रेडियो यन्त्र आयात सिफारिश | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. आयात सिफारिश माग गरेको पत्र,<br>२. Signature, Date, Invoice No., Quantity, Model No., Cost Amount स्पष्ट खुलेको Proforma Invoice- २ प्रति<br>३. लाइसेन्सको प्रतिलिपि | निःशुल्क | |
| २२ | एमेच्योर रेडियो को लाइसेन्स (अनुसूची ४ घ) (नियम ४ सँग सम्बन्धित) | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-१ (घ) (नियम ३ सँग सम्बन्धित) बमोजिमको दरखास्त<br>२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू<br>३. उपकरण विक्रिकर्ताबाट जारीभएको Signature, Date, Invoice No., Quantity, Model No. , Cost Amount स्पष्ट खुलेको Performa Invoice (२ प्रतिरअर्को उपकरण प्रयोग गर्ने सहमति पत्र<br>४. उपकरणहरूको Technical Specifications.<br>५. उपकरणहरूको Type Approval Certificate / Self Declaration Certificate / Declaration of Conformity र Equivalent Certificate.<br>६. विभागबाट लिएको परीक्षा पास भएको प्रमाणपत्र । | १०. एमेच्योर रेडियो हकमा,-<br>क. कन्ट्रोल अपरेटरको लागि (उपकरण सहित) रु. १,०००/-<br>ख. सञ्चालनको लागि (उपकरण बाहेक) रु. ६००/-<br>ग. एमेच्योर रेडियो क्लब स्टेशन (Amateur Radio Club Station) को लागि (उपकरण सहित) रु. १,५००/- | |

| क्र. सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| २३ | रेडियो यन्त्र विक्री वितरण गर्ने लाइसेन्स (अनुसूची ६) (नियम ४ सँग सम्बन्धित) | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-३ (नियम ३ सँग सम्बन्धित) बमोजिमको दरखास्त<br>२. बिक्री वितरण गर्न उपकरण को टेक्निकल स्पेसिफिकेशन,<br>३. यन्त्र उत्पादन गर्ने कम्पनीले दिएका आधिकारिक वितरक प्रमाणित हुने कागजात,<br>४. स्थायी लेखा नम्बर (PAN), कम्पनी दर्ताको प्रमाणपत्र, नागरिकता को प्रमाणपत्र आदिको प्रतिलिपिहरू ।<br>५. रितपूर्वक भरिएको Customer Application Information Forms.<br>६. विक्रि वितरणकेन्द्रको (Latitude, Longitude, Altitude सहितको) नक्सा | १२. रेडियो सञ्चार तथा प्रसारणसम्बन्धी रेडियो यन्त्र बिक्री वितरणको लागि रु. ५०,०००/- | |
| २४ | लाइसेन्स नविकरण | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-८ (नियम १० (२) सँग सम्बन्धित)लाइसेन्स नवीकरणको लागि दरखास्त,<br>२. लाइसेन्सको सक्कल प्रति,<br>३. नवीकरण शुल्क बुझाएको रसिद, भौचर | लाइसेन्स जारी दस्तुर को ५० प्रतिशत दस्तुर | |
| २५ | लाइसेन्सको विवरण बदल्ने | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ कोअनुसूची-९ (नियम १२ सँग सम्बन्धित)लाइसेन्सको विवरण बदल्नको लागि दरखास्त<br>१. उपकरणहरूको Technical Specifications.<br>२. उपकरणहरूको Type Approval Certificate / Self Declaration Certificate / Declaration of Conformity /Equivalent Certificate. | रु. १०० | |
| २६ | रेडियो यन्त्रको नामसारी गर्ने | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-१० (नियम १३ (१) सँग सम्बन्धित)रेडियो यन्त्रको नामसारी गर्नको लागि दरखास्त, हक छाड्ने रहक पाउने दुवैको प्रसारण लाइसेन्सपत्रको प्रतिलिपि, | प्रति लाइसेन्स रु. १००र- | |
| २७ | स्याटेलाइट रिसिभिङ्ग सिष्टम, कम्युनिकेशन सिष्टम, (अर्थ स्टेशन) को लाइसेन्स (अनुसूची-४ (क) नियम ४ सँग सम्बन्धित) | निर्देशक, इलेक्ट्रोनिक्स इञ्जिनियर | ७<br>८ | प्रशारण शाखा | १. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अनुसूची-१ (क) (नियम ३ सँग सम्बन्धित) बमोजिमको दरखास्त,<br>२. रीतपूर्वक भरिएको Data Data Form, Application For TV/Radio Broadcast & Customer Application Information Forms=<br>३. स्थायी लेखा नम्बर (PAN), कम्पनी दर्ताको प्रमाणपत्र, नागरिकता को प्रमाणपत्र आदिको प्रतिलिपिहरू । | १. स्याटलाइट रिसिभिङ्ग सिस्टमको लागि,<br>क. आम जनताको लागि प्रसारण गरिएको प्रसारण प्राप्त गर्न सक्ने (स्याटलाइट रिसिभर)को लागि रु.३००/-<br>ख. अन्य प्रकारको सञ्चार प्राप्त गर्न सक्ने प्रति स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लागि रु. १०००/-<br>२. स्याटेलाइट कम्युनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागि,- | |

| क्र. सं. | प्रदान गरिने सेवा | सम्पर्क अधिकारी | कोठा नं. | सम्बन्धित शाखा र इकाई | आवश्यक कागजात | दस्तुर | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | ४. उपकरण विक्रिकर्ताबाट जारीभएको Signature, Date, Invoice No. , Quantity, Model No. , Cost Amount स्पष्ट खुलेको Performa Invoice- २ प्रति<br>५. उपकरणहरूको Technical Specifications.<br>६. प्रयोगस्थानको (Latitude, Longitude, Altitude सहितको) नक्सा- Topological Map<br>७. विदेशबाट सोझै अयात गर्ने उपकरणको हकमा उपकरणको Type Approval Certificate, Self Declaration Certificate, Declaration of Conformity, Equivalent Certificate. | क. स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन (भ्वाइस च्यानल) को लागि रु.३०,०००/-<br>ख. स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन (डाटा च्यानल) को लागि ६४ किलो विट्स प्रतिसेकेन्ड क्षमता भएको भिस्याट वा अन्य स्टेशनको लागि रेडियो फ्रिक्वेन्सी प्रयोगका लागि रु. १५०००/- र त्यस पछिको प्रत्येक थप ६४ किलो विट्स प्रति सेकेन्डको लागि थप अतिरिक्त दस्तुर रु. १,०००/- | |
